वर्ष : १५, अंक : ३६, काठमाडौं, २०७६ पुस १८ गते शुक्रबार, 3 January 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## महतोले भ्रम फैलाएको आरोप

काठमाडौं । समाजवादी पार्टीले राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)का शीर्ष नेताहरूबीच भएको भेटघाटलाई अन्यथा अर्थ लाग्ने गरी प्रचार प्रसार गरिएको भन्दै समाजवादी पार्टीले आपत्ति जनाएको छ । 'मंसिर २६ गते बिहान ८ बजे सिनामंगलस्थित राजपा अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतो निवासमा समाजवादी पार्टी र राजपाबीच एकीकरण गर्न वार्ताका लागि डा. बाबुराम भट्टराई र उपेन्द्र यादवलाई बोलाएकोले उहाँहरू जानुभएको थियो', समाजवादी पार्टीले भनेको छ, 'बैठकमा राजपाका तर्फबाट राजेन्द्र महतो मात्र उपस्थित थिए ।' 'भेटघाटमा पार्टी एकीकरणका सम्बन्धमा उत्साहपूर्ण वार्ता भएको थियो । पार्टी एकीकरण गर्नका लागि धेरै विषयहरूमा सहमत भई केही सानातिना र प्राविधिक कुरा पछि मिलाउने कुरा भएको थियो', समाजवादी पार्टीले भनेको छ । समाजवादी पार्टीले सो भेटवार्ताका क्रममा राष्ट्रिय सभाको निर्वाचनका सम्बन्धमा कुनै छलफल नभएको जनाएको छ । 'राजपाका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले चुनावी एकता गरेको हो भन्ने छलफल नै नभएको विषयलाई संचार माध्यमद्वारा बारम्बार प्रचार प्रसार गरी राजपाका अन्य नेता तथा कार्यकर्ता र जनतामा समेत भ्रम फैलने गरी बद्नीयतपूर्ण ढंगले झुठो, भ्रमपूर्ण मनगढन्ते र कपोकल्पित प्रचार गरेको कुरा थाहा हुन आएको छ', समाजवादी पार्टीले भनेको छ । 'अतः हुँदै नभएको कुरालाई यसरी बारम्बार बोल्नु, प्रचार प्रसार गर्नु अत्यन्त गलत र विद्वेषपूर्ण अभिव्यक्ति दिनु गलत राजनीतिक कार्य भएकोले यस्तो भ्रमात्मक प्रचारमा विश्वास नगर्नु हुन सबैमा अनुरोध छ', समाजवादी पार्टीद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ ।

## "सीमाबारे वार्ता हुँदैछ"

काठमाडौं । भारतले नेपालसँगको सीमा विवादबारे वार्ता भइरहेको जनाएको छ । भारतीय विदेश मन्त्रालयले कालापानीलगायत सीमाका विवादबारे नेपालसँग वार्ता चलिरहेको उल्लेख गरेको छ । विदेश मन्त्रालयले आयोजना गर्ने नियमित पत्रकार सम्मेलनमा प्रवक्ता रवीश कुमारले भारतले हालै जारी गरेको राजनीतिक नक्सा सही भएको र यसले ठिकसँग भारतको भूभागलाई समेटेको बताए । उनले यसबाट नेपाललाई कुनै असर नगर्ने पनि स्पष्ट पारे ।

# उखु किसानले पाउँदैनन् पसिनाको मूल्य

## राज्य निरीह बन्यो, दलहरूको राजनीति सुरू

काठमाडौं । उखु बालीमा देशको जनसंख्याको ठूलो भाग आश्रित छ । यो बाली मूलतः मधेशको मुख्य नगदेबाली हो । पूर्व-पश्चिमदेखि मेची महाकाली सबै क्षेत्रमा यसको खेती गरिन्छ । मधेशको जनताको मुख्यमध्ये एक अर्थतन्त्रका आधार समेत हो । उखु बाली रोपेर एक सालसम्म पर्खनु पर्ने हुन्छ । एक वर्षपछि काटेर मिल मालिकलाई उखु निश्चित मूल्यमा बेच्ने गरिन्छ । रोप्ने बेलामा अन्य खेतीको तुलनामा बढी श्रम र खर्च पनि लाग्ने गर्दछ । त्यसको मूल्य पाउन किसानले वर्षभरि कुनु पर्ने हुन्छ ।

तर थोरै जमिन हुने किसानलाई यो बाली राम्रो मानिँदैन । किनकि यसका लागि एक वर्षसम्म पर्खिनु पर्ने भएकाले गरिब किसानलाई कठिन हुन्छ ।

उखु किसानको समस्या निकै चर्चामा आउने गरेको विषय हो । समय-समयमा यो कुराले मधेशका किसानहरूमा बेग्लै मोड लिएको छ । किसान आन्दोलित हुनु परेको छ । एकपल्ट खेतीको समयमा एकमुष्ठ लगानी गरेर एक वर्षसम्म पर्खनु पर्ने भएकाले सानोतिनो किसानलाई त अप्ठ्यारो पर्ने नै भयो, ठूला किसानलाई समेत व्यवहार चलाउन हम्मे हम्मे पर्छ ।

उखु किसानले वर्षेनी भोगिरहने समस्यालाई न त मिल मालिक न त सरकारले नै सुन्ने गरेका छन् । उखु बेलैमा बुझाउन नपाउँदा सुक्ने, रस घटेर वजन कम हुने भएकाले किसानले समयमै बेच्न चाहन्छ तर मिल मालिक र सरकारको रवैयाले गर्दा विलम्ब हुने गरेको छ । यो सिजनमा पनि किसानले यस्तै समस्या भोग्नु परिहेको छ ।

किसानलाई कतिसम्म विडम्बना छ भने आफ्नो मालको दाम थाह नपाई चिनी मिलाई दिनु परेको छ । योभन्दा पीडाको कुरा अरू के नै हुन सक्छ ? आफनो श्रमको मूल्य नपाउँदा



### उखु किसानले पाउनुपर्ने बक्यौता

| उद्योग | रकम |
|---|---|
| अन्नपूर्ण सुगर इन्डस्ट्री | ५० करोड |
| श्रीराम सुगर मिल्स | २६ करोड ७७ लाख ७८ हजार |
| श्री महालक्ष्मी सुगर्स | २१ करोड ४० लाख ५८ हजार |
| बाग्मती खाडसारी चिनी मिल्स | ८ करोड ४१ लाख ४१ हजार |
| एभरेस्ट सुगर इन्डस्ट्री | ७ करोड ३९ लाख ८ हजार |
| हिमालय सुगर मिल्स | २० लाख ६४ हजार |
| महाकाली सुगर इन्डस्ट्री | ६२ हजार |
| रिलाइन्स सुगर इन्डस्ट्री | ६१ लाख ४९ हजार |
| सरकारी अनुदान | १ अर्ब ३२ करोड |
| जम्मा | २ अर्ब ७३ करोड ८१ लाख |

**किसानको सम्पूर्ण भुक्तानी नदिलाएसम्म आन्दोलन जारी रहन्छ : राकेश मिश्र**



अन्तर्वार्ता पृष्ठ ३ मा

## सरकारसँग लिखित प्रतिबद्धता माग

काठमाडौं । आन्दोलनरत उखु किसानहरूले आफूहरूको सम्पूर्ण बाँकी रकम भुक्तानीको लिखित प्रतिबद्धता माग गरेका छन् । बुधबार आन्दोलनरत् उखु किसान संघर्ष समिति सर्लाही-४ र नेपाल सरकारबीच भएको वार्तामा आन्दोलनरत् पक्षले यस्तो माग गरेको हो । तर, सरकारी पक्षले मौखिकरूपमै आश्वास्त पार्न खोजिएकोले तत्कालै सरकारमाथि विश्वास गरिहाल्ने अवस्था नरहेको आन्दोलनका अगुवाई गरिरहेका राजपाका सहमहामन्त्री राकेश मिश्रले मधेशवाणीलाई बताएका छन् । सरकारले माघ ७ गतेभित्र जसरी पनि भुक्तानी गराउने भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरेको थियो । सरकारी पक्षले माघ पहिलो साताभित्र सम्पूर्ण रकम भुक्तानी गर्ने मौखिक प्रतिवद्धता जनाएको थियो । तर किसानहरूले पुस २५ गतेभित्र ८० प्रतिशत र माघ पहिलो साताभित्र बाँकी २० प्रतिशत रकम भूक्तानी दिने सरकारको प्रतिवद्धता लिखित रूपमा आउनुपर्ने माग गर्दै आन्दोलन यथावत रहने बताएका छन् । यसअघि सरकार पक्ष र किसान पक्षबीच बारम्बार सम्झौता भएपनि कार्यान्वयन नभएको भन्दै उनीहरूले लिखित प्रतिवद्धता माग गरेका हुन् । बुधबार उद्योग मन्त्रालयमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, उद्योग राज्यमन्त्री, उद्योग सचिवले किसानहरूलाई बोलाएर माघ ७ गतेभित्र सबै रकम भूक्तानी गर्ने मौखिक आश्वासन दिएका थिए । अन्नपूर्ण मिलले ५० करोड र महालक्ष्मी मिलले २१ करोड भूक्तानी गर्न बाँकी रहेको किसानहरूले बताउँदै आएका छन् । संसदीय समितिको निर्देशनपछि गृहमन्त्रालयले उनीहरूलाई पक्राउ गर्ने तयारी गरेपछि दुबै मिलका सञ्चालक सम्पर्कमा आएका छन् ।

किसानहरूले आन्दोलित हुनु परेको तीतो यथार्थत छ । नेकपाका नेता माधव कुमार नेपाल प्रधानमन्त्री रहँदा उखु किसानहरूले वृहत आन्दोलन गर्नु परेको थियो । किसानहरूको आन्दोन दबाउन राज्यशक्तिको दुरूपयोग गरिएको थियो । यसरी किसानले आफ्नो खेतमा वर्षभरि उब्जाएर बिना मूल्य बेचेर मूल्य पाउनुका निम्ति गर्नु परेको जीवन-मरणको संघर्षलाई सरकारले नहेर्नु अर्को विडम्बना हो ।

बाँकी अन्तिम पृष्ठमा

## भारतीय राजदूत पुरी दिल्ली फर्किंदैं



काठमाडौं । नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरी कार्यकाल सकेर दिल्ली फर्किंदै छन । उनले नेपालमा दुई वर्ष नौ महिना तीन दिन बिताएका छन् । नेपालबाट स्वदेश फर्कँलगत्तै उनले ३७ वर्षे लामो कूटनीतिक सेवाबाट पनि अवकाश पाउँदै छन् । नेपालमा स्थानीय तहको निर्वाचन भइरहँदा पुरी राजदूतका रूपमा आएका थिए । रणजित रायपछि पुरी १२ चैत ०७३ देखि नेपालका लागि २४औं राजदूत नियुक्त भएका थिए । पुरीपछि नेपालका लागि भारतीय राजदूत अझै तय भएको छैन । नवनियुक्त भारतीय विदेशसचिव हर्षवर्द्धन श्रीेंगला अमेरिकाबाट दिल्ली फर्केपछि नेपालमा पठाउने राजदूत तय हुनेछ । एउटै समयमा भारतीय विदेशसचिव नियुक्त भएका विजयकेशव गोखले पनि जनवरी २० मा सेवानिवृत्त हुँदै छन् । राजदूत पुरी सिख समुदायबाट नेपालमा राजदूत भएका दोस्रा व्यक्ति हुन् । नेपालका लागि प्रथम भारतीय राजदूत सुरजितसिंह मजिठिया नेपाल पठाइएका पहिलो सिख राजदूत थिए । नेपालमा रहेका सिख समुदायलाई आफ्नो कार्यकालमा उनले समेटेका छन् । नेपाल आउनुभन्दा तीन वर्षअघि पुरी ब्रसेल्समा भारतीय राजदूत थिए । त्यसभन्दा अघि उनले न्युयोर्कस्थित भारतीय स्थायी प्रतिनिधि कार्यालयमा उपप्रमुखका रूपमा काम गरेका थिए ।

## आन्दोलनरत् उखु किसानलाई न्यानो ज्याकेट



काठमाडौं । काठमाडौंको कठ्याङ्ग्रिदो चिसोमा आफ्नो भुक्तानीको माग गर्दै विगत एक सातादेखि आन्दोलनरत् उखु किसानहरूलाई न्यानो ज्याकेट वितरण गरिएको छ । क्लोथ बैंक धनुषाको पहलमा राजपा नेपालका केन्द्रीय सदस्य अनिल महासेठले २५ थान न्यानो ज्याकेट उखु किसानलाई प्रदान गरेका छन् । महासेठले आफ्नो आमाको चौंथो पुन्य तिथिको अवसरमा गत पुस १ गते जनकपुरधामको जानकी बृद्धा आश्रममा वृद्धवृद्धाहरूलाई १५ थान ज्याकेट वितरण गरेका थिए । ज्याकेट वितरण गर्दै महासेठ किसानहरूको माग चाडोभन्दा चाडो सम्बोधन गर्नका लागि सरोकारवालाहरूलाई आग्रहसमेत गरेका छन् ।




## समय सन्दर्भ

रामसुकुल मण्डल



# एक हजार तीन दिनको सफल कूटनीति यात्रा

**संमग्रमा पुरीले नेपाल भारत सम्बन्धनको एउटा संकटकालीन समयबाट सहज रुपमा व्यवस्थापन गरेका छन् ।**

नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पुरी तीनवर्षे कार्यकाल १५ पुसमा पूरा गरेका छन् । आफ्नो कार्यकाल पूरा गर्नुअघि उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, विदेश मन्त्री प्रदिप ज्ञवालीसँग बिदाइ भेट गरे । तीनवर्षे कार्यकाल सकेर स्वदेश फर्केका पुरी ६० वर्ष पुगिसकेकाले कूटनीतिक सेवाबाट समेत अवकाश पाएका छन् ।

पूर्व राजदूत रञ्जित रेको कार्यकाल सकिएपछि भारत सरकारले २०७३ चैतमा पुरीलाई नेपालका लागि नयाँ राजदूत नियुक्त गरेको थियो । उनले आफ्नो कार्यकालमा नेपाल-भारत सम्बन्धमा सन्तुलित भूमिका खेलेका थिए ।

खासगरी नाकाबन्दीपछि बिग्रेको दुईपक्षीय सम्बन्ध सुधार गरी दुई देशबीच उच्चस्तरको भ्रमण गराउन सफल उनले कुशल कूटनीतिज्ञको छाप छाडेका छन् । राजदूत पुरीको कार्यकालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई पटक नेपाल भ्रमण गरे भने राष्ट्रपति भण्डारीले एक पटक र प्रधानमन्त्री ओलीले दुई पटक भारत भ्रमण गरे ।

भारतले नेपालसँगका कुनै पनि परियोजनाको 'फलोअप' गर्ने परिपाटी नरहेकोमा त्यसलाई पुरीले नै तोड्न सफल भए । पुरीले नेपालमा जिम्मेवारी सम्हालेपछि परियोजनाबारे हरेक महिनाको एक पटक संयुक्त बैठक बोलाउन थालेको भारतीय दूतावासका कर्मचारीले बताउने गर्छन् । नेपालमा दुई वर्ष नौ महिना तीन दिन अर्थात १००३ दिन बिताएका सरल व्यक्तित्व पुरीको क्षमता पहिचान गरेर फाइदा लिनबाट नेपाल सरकार चुकेको पक्कै हो ।

पुरी त्यति खेर नेपाल आए जब यहाँ स्थानीय तहको निर्वाचन भइरहेको थियो । निर्वाचन प्रक्रियालाई नै सघाउने भारतीय नीतिको कार्यान्वयनबाट उनले नेपालमा आफ्नो कामको थालनी गरेका थिए । तीन तहको निर्वाचनपछि सबैभन्दा ठूलो दल भएको तत्कालीन एमालेका अध्यक्ष केपी ओली र भारतीय नेतृत्वबीच संवाद सहजीकरणमा पनि पुरीले सफलतापूर्वक भूमिका निर्वाह गरे ।

राजदूत पुरी सिख समुदायबाट नेपालमा राजदूत भएका दोस्रा व्यक्ति हुन् । नेपालका लागि प्रथम भारतीय राजदूत सुरजितसिंह मजिठिया नेपालका लागि पहिलो सिख राजदूत थिए । नेपालमा रहेका सिख समुदायलाई आफ्नो कार्यकालमा उनले समेटेका छन् । नेपालमा सिख सम्प्रदायको इतिहास पुरीकै कार्यकालमा आधिकारिक रूपमा लेखिएको छ ।

पुरीका पालामा महत्वपूर्ण विकास आयोजना अघि पनि बढेका छन् । अरूण तेस्रो जलविद्युत् परियोजना, पेट्रोलियम पाइपलाइन पुरीकै पालामा सुरू भएर सम्पन्न भएको हो । यस्तै हुलाकी राजमार्गको काम अघि बढिरहेको छ भने रक्सौल-काठमाडौं रेलमार्गको प्रारम्भिक अध्ययन सकिएको छ । भारतीय सहयोगमा रेलमार्ग निर्माण गर्ने सहमति पुरीकै समयमा भएको हो । नेपाल-भारत संयुक्त अनुगमन संयन्त्रको बैठकमा पुरीले रोकिएका परियोजनाको कारण तय गरेर दुवै सरकारले समस्या समाधान गर्नुपर्ने जोड दिँदै आएका छन् । समग्रमा पुरीले नेपाल भारत सम्बन्धको एउटा संकटकालीन समयलाई सहज रूपमा व्यवस्थापन गरेका छन् ।

पुरीले भारतीय कूटनीति क्षेत्रमा लामो समय बिताए पनि भारतको छिमेक मामिला हेर्ने चाहना नेपालमै आएर पूरा भएको हो । नेपाल नै उनको छिमेकसम्बन्धी पहिलो र अन्तिम अनुभव हो ।

**शब्द चित्रमा पुरी**

सन् १९५९ फेब्रुअरी १५ मा नयाँदिल्लीमा जन्मिएका पुरी बेल्जियमका लागि भारतको राजदूत रहेका थिए । ६५ वर्षीय पुरीका पिता पनि कुटनीतिज्ञ नै थिए । पिता धेरै समय विदेशमा रहनुपर्ने हुँदा उनले भारतमा नै रहेका आवासीय विद्यालयमा अध्ययन गरेका थिए ।

उनी दिल्ली विश्वविद्यालयको सेन्ट स्टेफेन कलेजबाट

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय



# उखु किसानको व्यथा

उखुको भुक्तानी नभएको माग गर्दै उखु किसानहरूले काठमाडौं केन्द्रित आन्दोलन गरिरहेका छन् । सर्लाहीका किसानहरू उखुमिलले भुक्तानी नदिएकाले ऋणमा डुब्न लागेको भन्दै हारगुहार माग्न अहिलेको चिसोमा काठमाडौंमा छन् । तर सरकारले अझै पनि उद्योगीमाथि कारबाही सुरू गरेको छैन । चिनी उद्योगीले ठगेको कुरा सार्वजनिक भएपनि प्रधानमन्त्रीसमेत यस मामिलामा गम्भीर हस्तक्षेप गर्न नसक्नु किसानहरूको अपमान हो ।

चिनी उद्योगसँग उचित मूल्य र समयमै उखुको भुक्तानी माग राख्दै उनीहरूले आन्दोलन थालेका हुन् । किसानले यस पटक आफूहरू उखुको तौलमा ठगिएको र उखुको समयमै भुक्तानी नभएको भन्दै आन्दोलन थालेका हुन् ।

चिनी उद्योगले रकम भुक्तानी नगरेका उखु उत्पादक कृषकहरूले पटक पटक गुनासो गर्दै आएका छन् । गत वर्ष नै कामय रहेको मूल्यसमेत मिल सञ्चालकले उपलब्ध नगराउँदा किसान मारमा परेका हुन् ।

उखु किसानहरूले हरेक वर्ष मूल्यको लागत र भुक्तानीको सन्दर्भमा झमेला र दु:ख खेप्नुपर्ने लगभग सामान्य बनेको छ । नगदेबाली ठानेर उखु खेतीतिर आकर्षित भएका किसानहरू यसै कारण अब उखु खेतीबाट पनि विमुख हुन थालेका छन् । उनीहरूले आफ्नो उत्पादन चिनी मिललाई उपलब्ध गराउँछन् तर तत्कालै त्यसको मूल्य पाउँदैनन् । उखु किसानहरूको कारोबार उधारोमा हुने गर्दछ । त्यो उधारो किसानहरूले वर्षौंसम्म उठाउन सक्दैनन् । जसरी क्रसरमा उखु पेलिन्छ, त्यसरी नै आफ्नो उत्पादनको भुक्तानी पाउन किसानहरू पनि पेलिन्छन् भन्दा अतिश्योक्ति नहोला ।

### उखु किसानहरूले हरेक वर्ष मूल्यको लागत र भुक्तानीको सन्दर्भमा झमेला र दु:ख खेप्नुपर्ने लगभग सामान्य बनेको छ ।

किसानबाट संकलित उखुबाट चिनी मिलले कमाउँछन, तर तिनलाई उखुको मूल्य भने दिँदैनन् । मिल मालिकहरू गरिब किसानलाई समयमा मूल्य नदिई रकम खेलाउँछन् र अझ धनी बन्छन् । उता उखु किसान दैनिकी जीवनसमेत गुजार्न नसक्ने अवस्थामा पुग्छन् । यो सवाल राज्यको नजरसम्म नपुगेको होइन, तर राज्य सञ्चालकहरू 'गुलियो चिनी' अर्थात् व्यापारीको 'कोसेलीपात' मै मग्न छन् ।

उखुबाली लगाउनमा पनि समस्या, त्यसको नियमित हेरचाह गर्नुपर्ने, चिनीमिलको अनुमतिविना खेतबाट उखुबाहिर पनि ल्याउन नसकिने र येनकेन प्रकरेण चिनीमिलसम्म पुऱ्याइदिए पनि त्यसको भुक्तानी लिन फलामको च्युरा चपाउनु साबित भइरहेको छ । प्राय: सबैजसो राजनीतिक दलका नेता एवम् प्रमुख कार्यकर्ताहरू मिल मालिकप्रति वफादार रहेका कारण पनि उखु किसानको समस्या समाधान भइरहेको छैन ।

किसानको खर्च र श्रमको मूल्यलाई सम्मान गर्न नसक्दा उखु उत्पादनबाट धेरै किसान पलायन भइसकेका छन् । तीन वर्षअघि उखु खेती हुने १८ जिल्लामा पाँच लाख ५० हजार किसान उखु खेतीमा संलग्न थिए । सरकारले चिनीमा नेपाललाई आत्मनिर्भर बनाउने घोषणा गरेको छ । तर चिनी उत्पादनका लागि मुख्य कच्चा पदार्थ उखु खेतीलाई प्रवर्द्धन र प्रोत्साहन गरेर किसानलाई आकर्षित गर्नुपर्छ भन्ने तर्फ ध्यान दिन सकेको छैन । उखु सही अर्थमा नगदे बाली हुन सकेको देखिँदैन। तसर्थ सरकारले उधारोमा कारोबार केही सीमासम्म मात्र गर्न पाउने गरी यस्तो समस्या सदाका लागि अन्त्य गर्न कानुन बनाउन जरूरी छ ।

देशका राजनीतिक दलहरू, तिनका नेता एवं कार्यकर्ता तथा कतिपय किसान नेताहरू पनि किसानमैत्री नभएर उद्योगपतिकै संरक्षक र शुभचिन्तक साबित भएका कारण पनि उखु किसानहरूको समस्या समयमा सम्बोधन हुन नसकेको हो । नेपालको सत्ताधारी दल र प्रतिपक्षी दलहरूसमेतले पनि पूँजीवादी आर्थिक नीति अपनाएका कारण अब नेपालमा कुनै पनि दल र नेता पूँजीपतिका विरोधी छैनन् । नामको निम्ति मात्रै नेपालमा कम्युनिस्ट पार्टी छ, नीति र व्यवहारमा सबै पूँजीवादी र पूँजीपतिका समर्थक र संरक्षक मात्रै हुन् ।

उखु किसानका पीडा अलि बढी मार्मिक रहेको छ । यो वर्ष पनि किसान त्यही विडम्बनापूर्ण नियति भोग्न बाध्य छन् । अब सरकारले चाँडोभन्दा चाँडो उखु किसानहरूको मार्का सधैका लागि अन्त्य गर्नुपर्छ ।

## साताको सात बात



लामो समयको राजनीतिक अस्थिरतापछि नेपाल आर्थिक समृद्धिको दिशामा अगाडि बढिरहेको छ । भ्रमण वर्षलाई त्यसकै आधारको रूपमा लिइएको छ । पर्यटन उद्योगलाई नाफा आर्जनको रूपमा मात्र नभई विश्वभर भाइचारा विस्तार गर्न उपयोग गर्नुपर्छ । **विद्यादेवी भण्डारी, राष्ट्रपति**



निर्वाचनमार्फत प्रकट जनचाहनालाई शिरमा राख्दै जनताका अपेक्षालाई कुनैपनि हालतमा विफल हुन दिन्न । अर्को नयाँ वर्षसम्ममा विकास र समृद्धिका लागि हामीले बसालेको जग देखिने गरी उचाइमा उठ्ने छ । **केपी शर्मा ओली, प्रधानमन्त्री**



'सहमतिमै पार्टीलाई चलाउन खोजेको हुँ । सहमतिकै लागि तीन वर्ष कुरें । सहमति नै हुन नसकेपछि बहुमतका आधारमा निर्णय गरेको हुँ । पार्टीलाई बलियो र सुदृढ बनाउन अगाडि बढेको छु, विधान मिचेको छैन । **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



संघर्षले नै अधिकार प्राप्त हुनुका साथै संघीय प्रणालीलाई समेत मजबुत बनाउँछ । संविधान संशोधन गराउन अब ठूलो बिद्रोहको आवश्यक्ता रहेको छ । हामी संविधान संशोधन गराउनकै लागि अब सडक र सदन दुबै ठाउँमा संघर्ष गर्छौं । **उपेन्द्र यादव, अध्यक्ष, समाजवादी पार्टी**



नेपालको विकास गर्नु छ भने भ्रष्टाचार वर्गको कब्जाबाट मुलुकलाई छुटाउन आवश्यक छ । तर, जनताले अकुत सम्पत्ति आर्जन गरेका भ्रष्ट नेताहरूलाई नै सत्तामा पुऱ्याउने गरेका छन्, यो नै सबैभन्दा दु:खद हो । **सुशीला कार्की, पूर्वप्रधानन्यायाधीश**



नेपालले लिम्पियाधुरा र लिपुलेकका लागि जुन प्रकारले दाबी गरेको छ । त्यसलाई सहज रूपमा लिन सकिन्न किनकी नेपालको दाबीले नेपाल, भारत र चीनको सुरक्षा नीति र रणनीतिमा नाटकीय परिवर्तनको संकेत गर्दैछ । **सरिता गिरी, सांसद, समाजवादी पार्टी**



कृषिको व्यवसायीकरण र आधुनिकरण गर्दै भविष्यमा पर्यटनलाई प्रदेशको समृद्धिको दिगो माध्यम बनाइनेछ । प्रदेश ५ हिमाल, पहाड र तराईका सबै विशेषतासहितको मिनी नेपाल भएको हो । भ्रमण वर्षको अवधिमा प्रदेश भ्रमणमा आउने पर्यटकहरूलाई विशेष व्यवस्था गर्नेछौं । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**

# मधेशलाई बिगार्ने राजनीतिक खेल

**विचार-विश्लेषण** भाग-५३



उपेन्द्र झा

> आन्दोलन उठाउने उपेन्द्र यादवको लालसा त्यसै धरासायी हुने निश्चित त हुँदैछ, मधेश आन्दोलनबाट उदाएको उपेन्द्र यादवको प्रवल भाग्य अस्ताचलमा गएको प्रष्ट छ । कुनै पनि हर्कत उसको लागि प्रत्युत्पादक बन्ने निश्चित छ ।

राजनीतिलाई फोहोरी खेलको मैदान बनाएपछि त्यहाँ लोक-कल्याणको कार्यभन्दा व्यक्तिगत स्वार्थको प्रधानता हुन्छ । वर्चस्वको लडाईमा सिद्धान्त, कर्तव्यनिष्ठा, इमान्दारिता, सच्चरिय प्पेपकार आदि सद्गुणको प्राय: लोप हुन्छ र सतहमा अनाचार, अत्याचार, व्याभिचार, बेइमानी, लुटमार, मारकाट आदि अमानवीय गुणहरू देखा पर्दछ । वर्चस्वको राजनीतिमा सबैकुरा जायज भनेर पाशविक प्रवृत्तिले प्रोत्साहन पाएको हुन्छ ।

कुरा फेरी मधेश कै गर्नु पर्ला । "सयकडौं चूहा खाके, बिल्ली चली हज कर्ने" हिन्दी उखान जस्तै मधेशमा उपेन्द्र यादवको क्रान्तिकारी नारा गुञ्जिन थालेको छ । संविधान संशोधन भएन भने ठूलो विस्फोट हुने समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव गर्जिन थालेको छ । उनको व्यवसाय पनि त्यही भएकोले सत्ताबाहिर आएपछि सरकारलाई धम्काउने थर्काउने र आफ्नो भाग कसरी सुरक्षित हुन्छ, त्यसको लागि प्रयत्नशील रहनु स्वभाविक पनि हो । सरकार पक्षबाट पनि गौर घटनाको विषयमा उपेन्द्र यादव जेल जाने, आर्थिक अनियमिततामा समेत मुछिने आदि भय सृजना गरेर उपेन्द्र यादवलाई नियन्त्रणमा राख्ने प्रयास पनि हुँदैछ ।

षटमुख रहेको राजपा उपेन्द्र यादवको सत्ता बहिर्गमनपछि अनुकूलता हाँसिल गरेको छ । यो अनुकूलता रहला कि नरहला, द्विबिधामा समय खेर फाल्नुभन्दा बेलैमा निर्णय गरेर सरकारमा सामेल हुनु बेस हुने दिग्गजहरूको सोच रहेको र सरकारले पनि राजपालाई सरकारमा सामेल गराउन बाध्यात्मक परिस्थितिका कारण राजपाका सत्तारोहण निश्चित प्राय छ । सरकारले राजपालाई उपेक्षा गरे उपेन्द्र यादवसँग एकता गरि मधेशमा ठूलो उपद्रव मच्चाउन सक्ने प्रबल सम्भावनालाई दृष्टिगत गरि राजपालाई सम्मानपूर्वक सरकारमा सामेल गराउने सम्भावना छ । राजपाको दुईटा माग संविधान संशोधन तथा रेशम चौधरीको रिहाई मध्ये दोश्रो मागलाई सरकारले तत्काल मानेर पहिलोलाई समाजवादीको सम्झौता जस्तै पछि आवश्यक परेको बेला गर्ने भन्ने सहमती बन्ने धेरै सम्भावना छ । रेशम चौधरीलाई रिहाई गराएर सरकारमा जाँदा मधेशको सहानुभूति पनि आर्जन गर्न राजपालाई ठूलो अवसर प्राप्त भएको मानिनेछ । मधेशमा पार्टीको हाईट बढ्नु ठूलो कुरा हो । रेशम चौधरीलाई रिहा गर्नु सरकारको लागि सामान्य विषय हो ।

यदि सरकार आफ्नै अडानमा बसेर राजपालाई सम्मान गरेर सरकारमा सामेल गरेन भने नयाँ वर्ष २०२० राहु प्रधान रहने साल भएकोले सरकार अपठ्यारोमा पर्ने सम्भावना पनि छ । वैकल्पिक शक्ति निर्माणमा लागेका शक्तिहरूले अवसर पाउने र पुनश्च मधेशलाई हल्लाउने उपाय गरे सरकारविरोधी सबै शक्ति ध्रुवीकृत भएर सरकारलाई चुनौती दिन सक्नेछन् । विगतमा सरकारको विरोधमा ध्रुवीकृत भई रहेको शक्तिहरूलाई सीमाविवाद प्रकरणले ती शक्तिहरूलाई तितर वितर पारेर सरकारलाई सुरक्षित अवस्थामा पुऱ्याएको अनुभव ताजै हुनु पर्छ । त्यसकारण समाजवादी पार्टीसँग राजपाले एकता गर्नुभन्दा पहिले सरकाले राजपालाई सम्मानपूर्वक मित्रशक्ति बनाउन बेस होला । यो अनौंठो कुरा नभई राजपाका शक्तिशाली नेताहरूको मानसिक धारणा हो । अप्ठ्यारो अवस्थामा केपी शर्मा ओलीलाई गुहारेर आफ्नो अस्तित्व बचाउने राजपाका दूरदर्शी नेताहरू उपरोक्त धारणाबाहेक अन्य कुरा सोच्न सक्दैनन् । त्यसकारण यो उपाय सार्वजनिक गरिएको हो । मधेशी जनतालाई झुक्याएर मत लिने र सत्तासँग टाँसेर आर्थिक लाभ लिने अहिलेका नेताहरूको डबल अनुहार मधेशका जनताले राम्ररी बुझेका छन् ।

सरकारमा बसेर समाजवादी अध्यक्ष उपेन्द्र यादवले राजपाका नेताहरूलाई गन्ती मै राखेनन्, न मर्यादापूर्वक आचरण गरे । आज ठीक उल्टो परिस्थिति आईलागेको छ उपेन्द्र यादवलाई । अब वल राजपाको कोर्टमा छ भन्ने कुरा सार्वजनिक गर्दा उनको नीरिहता त्यसै झल्किन्छ । परिस्थिति यसरी बदलेर उनको अहंकार चुर हुन्छ भन्ने कुरा कसैले सोचेको थिएन र परिस्थिति प्रतिकूल भएर रून न हाँस्न अवस्थामा पुऱ्याएको छ ।

राजपाबिना समाजवादी पार्टीले अधिकार आन्दोलनलाई जगाउन सक्दैन । सडक र सदनमा संघर्ष गर्ने उपेन्द्र यादवको उद्घोष मिथ्या साबित हुने कुरा प्रष्ट छ । सत्तामा हुँदा अधिकार आन्दोलनको कुरा नगरि "संविधान संशोधन गर्न सरकारलाई सघाउन" हामी सरकारमा सामेल भएको कुरा नभएर मानसिक रूपले केपी शर्मा ओली र प्रचण्डको गुलामी स्वीकार गरि संघर्ष गर्नुभन्दा सत्ताबाट फाइदा लिनु बेस, सिद्धान्त बनाएर नै नेकपाको सरकारमा उपेन्द्र यादव सामेल भएको थियो । अधिकारवादी आन्दोलन नेतृत्वविहीन भई सुसुप्रावस्थामा पुगेको कुरा सबैलाई थाहा छ ।

बावुराम भट्टराईको आकांक्षा सत्ताबाट उपेन्द्र यादवको बहिर्गमनले पूरा गरेको छ । लामो समयदेखि आन्दोलन उठाएर सरकारलाई चुनौती दिएर समचारको हेडलाइन बनी रहने आकांक्षा पालेका बावुराम भट्टराई आन्दोलनको उर्वर भूमि मधेश नै भएकोले मधेशी धरातलमा आएको हो । बावुराम भट्टराई अनुसार उपेन्द्र यादव बाहिरिएपछि आन्दोलनको ढोका खुलेको हो । उनको अभिव्यक्ति पनि त्यस्तै आएको हो ।

राजपालाई साथ नलिई बावुराम भट्टराईको भरमा उपेन्द्र यादवले अविश्वासमा रहेको अधिकारवादी आन्दोलनलाई संचालन गर्न धेरै कठीन छ । मधेशका सपूतहरूलाई बलिदान गरि मन्त्री पद पाउने खेल मधेशले बुझिसकेको छ । यिनीहरूको गुलामी प्रवृति कै कारण धोका खाएर जनाधार भएका धेरै नेताहरू मेधेशका धरातलबाट पलायन भए । कतिपय राजनीतिक सन्यास लिएर बसे ।

पुनश्च: आन्दोलन उठाउने उपेन्द्र यादवको लालसा त्यसै धरासायी हुने निश्चित त हुँदैछ, मधेश आन्दोलनबाट उदाएको उपेन्द्र यादवको प्रवल भाग्य अस्ताचलमा गएको प्रष्ट छ । कुनै पनि हर्कत उसको लागि प्रत्युत्पादक बन्ने निश्चित छ । आन्दोलनकारी सम्मानका अधिकारी हुन्छन्, अपमानजनक व्यवहार त गुलामका लागि हो ।

*janukjha24@gmail.com*

# पुसमा न्यानो हुँदै मधेश



सुधा मिश्र

पुसको महिना तापक्रम न्यून त्यसमाथि शीतलहरको कहरले मधेशको जीवन नै अस्तव्यस्त भएको छ । सुरूजदेव विदेश, गरिबीको भेग,वर्षन खोजिरहेको मेघ, सिरक कम्मलको अभाव।कसले बुझ्ला पीडा र दर्द ? घुर बाल्नको लागि गोइठा र पात शीतलहरले भिजिसकेको छ।कसरी ताप्ला घुर ?

मधेशको गाउँमा न्यानोको मुख्य स्रोत भनेको घुर हो।घुर भन्ना साथ एउटा अजीब पलको स्मरण हुन आउँछ।चिसो मौसममा घुरको रातो रातो आगो । बच्चादेखि बूढोसम्म गोलो घेरा लगाएर सँगै बसेर ओरहा ( घुरमा पोलेको गेडागुडीको छिमी ) खानु । कति स्वादिष्ट ! जति खाए पनि मन नअघाउने।खाँदै गर्दा हात कालो भएर आउनु।कति आन्नद आउँथ्यो ।भरपुर मज्जा हुन्थ्यो । सबैजना खुब रमाउथे । बुढापाकाले किस्सा सुनाउनु । काकाहरूको समुहमा सामाजिक र राजनीतिक बहस हुँदा बच्चाहरू गुणतालिका सोधपुछमा मग्न हुनु।यो घुर न्यानोको भण्डार सँगै ज्ञान र गुणको भण्डार समेत रहेछ जहाँ विविध कुराहरूको आदानप्रदान हुन्छ ।

अहिले शीतलहरक कारण गोइठा, गोरहा र चिपरी (गोबरबाट बनाइएको आगो बाल्ने सामग्री) सुक्न नपाउनु र गाछको पातहरू पनि सुकेको नपाउनुको कारण घुर ताप्न सकिरहेका छैनन् । बाहिर काम गर्न पनि अप्ठ्यारो भइरहेको छ।बाहिरको काम प्रभावित हुँदा दैनिकी चलाउन गार्हो ।

तर यो पुसको कन्कनी जाडोमा विराटनगरबासीले केही दिन देखि समाजसेवीहरूको अगुवाइमा न्यानो महसुस गरिरहेका छन् । उनीहरूको जीवनमा न्यानोपन, खुशी सँगै चैनको आभास भएको छ । मोरङ्गबासी मात्र १० रूपैयाँ तिरेर पेटभरि खाना खान पाएका छन् ।आजकाल सय रूपैया घटी कतै खाना खान पाइदैन । महँगी उच्च रहेको यो समयमा १० रूपैयाँमा पेटभरि खाना खान पाइन्छ भन्दा अचम्म लाग्छ होला।तर यो वास्तविकता हो । एक कप चियाको मुल्य नै २० रूपैयाँ पुगेको बेला विराटनगरमा १० रूपैयाँमा भरपेट खाना खान पाइने भएको छ।समाजसेवामा अग्रसर देखिएका व्यक्तिहरूले आफ्नै पहलमा विराटनगरको काली मन्दिर अगाडि १० रूपैयाँमा भात खुवाउन थालेका हुन् र २० रूपैयाँमा घरमा लान प्याकिङको समेत व्यवस्था गरेका हुन् ।

मोरङ्गबासीले १० रूपैयाँमा बासमती चामलको भात र राजमाको तरकारी भरपेट खान पाएका छन् ।बजारमा शुद्ध खाना पाउन गाँहो रहेको अवस्थामा यो अभियानले मानिसलाई ठुलो सहयोग गरेको छ । हुनेखाने वर्गले १० रूपैयाँ भन्दा बढी पैसा तिर्न खोज्दा दानपेटिकामा दान गर्ने व्यवस्था रहेको छ । होटलमा खान सक्ने आर्थिक हैसियत नभएका धेरै गरीब ,विपन्न र भोका मानिसहरू पनि पेटभर खान पुगेका छन् ।

काली मन्दिर अगाडि दैनिक भीख माग्न बसिरहेका व्यक्तिहरू पनि यो अभियानले १० रूपैयाँमा पेटभर खान पुगेका छन् । भात र तरकारी पेटभरि खुवाउँदा दैनिक १५र१६ हजार खर्च भइरहेको छ।दैनिक खाना खुवाउनको लागि सहयोगी हातअरूले सघाइरहेको छ। कसैले आफ्नो नामबाट खाना खुवाउन चाहेको अवस्थामा ११ हजार रूपैयाँ लिएर उनीहरूकै नामबाट खाना खुवाइ दिने व्यवस्था समेत रहेको छ । यसले गर्दा दाताहरूले १० रूपैयामा पेटभरि खाना खुवाएर पुण्य कमाउने अवसर पाएका छन् ।

छिमेकी मुलुक भारतका विभित्र राज्यमा त्यहाँका सरकारले सस्तोमा खाना खुवाउने अभियान चलाएका छन् । त्यहीँ अभियानबाट प्रभावित भएर उनीहरूले पनि यो अभियानको शुरूआत गरेका हुन्। यस अभियानलाई निरन्तरता दिदै देशैभरि पुरयाउने उनीहरूले लक्ष्य लिएका हुन्।धन्य हुन् यी स्थानीय समाजसेवीहरू राजपा नेपालका तत्कालीन सहमहामन्त्री समेत रहिसकेका समाजसेवी दिलीप धाडेवा, नन्दकिशोर तापडिया, पवन अग्रबाल, मोहन गुप्ता ,दिपक पौडेल रआमोद कुईकेल। शुभ कामको शुरूआतको लागि उहाँहरूलाई धेरै धेरै बभाई तथा शुभकामना ।

नयाँ वर्ष सन् २०२० मा अझै धेरै शुभ कामहरूको शुरूआत होस् । कोई भुखा र नंगा नरहोस् । Visit Nepal 2020 को पुर्ण सफलताको लागि धेरै शुभकामना संगै सम्पूर्ण मित्रहरूमा सन् 2020 को मंगलमय शुभकामना ।

# प्रजातान्त्रिक गठबन्धनले नै मधेशलाई जोगाउँछ

**यी दुईटै शक्ति सरकारमा जानुभन्दा पनि मिलेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता छ। राजपा र समाजवादी मात्रै होइन कि प्रजातान्त्रिक सम्पूर्ण शक्तिहरू मिलेर जानुपर्छ। गत निर्वाचनमै मधेशकेन्द्रित दलहरू कांग्रेससँग मिलेर गएको भए राम्रो हुन्थ्यो। अहिले कम्युनिष्टको जति बोलवाला छ, यदि प्रजातान्त्रिक शक्तिहरू मिलेको भए यस्तो हुने थिएन।**



राजेश्वर नेपाली
प्रेस स्वतन्त्रता सेनानी तथा वरिष्ठ पत्रकार

**० अहिले मधेशको राजनीतिक अवस्थालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– सत्तामा जो बस्छन्, उनीहरू मधेशको समस्या समाधान गर्नुभन्दा क्रूर राणाकाल जस्तै मधेशी शक्तिलाई छिन्नभिन्न पार्ने कामहरू गर्दै आइरहेका छन्। अहिले पनि मधेशी शक्तिलाई टुटाउने, फुटाउने कामहरू भइरहेको छ। २००८ सालमै तराई कांग्रेस खुल्यो, त्यसको गतिविधि जुनरूपमा बढेको थियो त्यसलाई समाप्त गर्ने काम तातत्कालीन सत्ताधारीहरूले गर्दै गए। मधेशका मुद्दालाई समाप्त गर्नका लागि राजा महेन्द्रले देशलाई १४ अञ्चलमा विभाजन गरेर मधेशलाई १० अञ्चलमा विभाजित गरे। अहिले पनि सातवटा प्रान्त बनाउँदा मधेशलाई ६ टुक्रामा विभाजित गरिएको छ। मधेशलाई टुक्र्याएर मधेशको अस्तित्वलाई समाप्त पार्ने काम सत्तापक्षले गर्दै आएका छन्। यहाँका शासकले मधेशको अस्तित्वलाई स्वीकार गर्न सकेको छैन।

**० मधेशले अहिलेसम्म किन असल नेतृत्व पाउन सकेन त ?**

– हाम्रो देशमा सत्ताधारीहरू जसरी टुक्र्याउने काम गरिरहेका छन्, त्यसले मधेशका कुनै पनि नेतृत्व स्थापित हुन सकेन। पञ्चायतकालमा पनि तराई कांग्रेसलाई समाप्त गर्न अध्यक्ष वेदानन्द झालाई राजाले टेकअप गरे तर, त्यसैका महामन्त्री रामजनम तिवारीले नेपाली कांग्रेसमा समाहित हुनु भयो र संघर्षमा उहाँ लागिरहनुभयो। विगतमा गजेन्द्रनारायण सिंहको अध्यक्षतामा जुन बेला नेपाल सद्भावना पार्टी थियो त्यसबेला पनि केही व्यक्तिहरूले छुट्टै पार्टी गठन गरे। यस्ता कुराहरू त सत्ताधारीको खेल भई नै रहेको छ। त्यसले संघर्ष लामो हुँदै गइरहेको छ।

**० विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा योगदान पुऱ्याएका मधेशी नेताहरूको कदर अहिलेका मधेशकेन्द्रित दलहरूले गरिरहेका छन् ?**

– ती कुराहरू अतीतमा पनि गरिएन र अहिले पनि हुन पाएको छैन। वि.सं. २०१८ सालमा राजा महेन्द्रमाथि जनकपुरधामै जानकी मन्दिर अगाडि बम फाल्ने दुर्गानन्द झा थिए। आजसम्म उहाँको प्रतिमा बन्न सकेको छैन, कांग्रेस पटक-पटक सरकारमा गयो। त्यस्ता कुराहरूतिर ध्यान दिएन। त्यस्तै, प्रजातान्त्रिक संघर्षमा मारिएका व्यक्तिहरूको प्रतिमा बन्न सकेको छैन अथवा सम्मान दिन सकिएको छैन। अहिले पनि मधेशवादी पार्टीहरूले मधेशका शहीदहरूलाई सम्मान जसरी काम गर्ने त्यसतर्फ सोचेको देखिएको छैन। हुन त केही ठाउँहरूमा केही शहीदहरूका स्मारकहरू बनेका पनि छन् तर त्यो पर्याप्त छैन।

**० मधेशका योद्धाहरूलाई बिर्सिएकै हो ?**

– जुनसुकै पार्टीका व्यक्ति जो सत्तामा पुग्छन्, उनीहरूले पार्टीप्रति प्रतिबद्ध रहेका मानिसहरूलाई बिर्सने गर्छन्। चाहे त्यो तत्कालीन एमाले, माओवादी या कांग्रेसमा मधेशी नेताहरूको ठूलो योगदान रहँदै आएका छन्। पार्टी र जनताप्रति समर्पित जो व्यक्तिहरूको योगदानलाई जति चर्चा गर्नुपर्ने त्यो भइरहेको छैन। राष्ट्रियता भनेको यही हो। हामीकहाँ राष्ट्रियता भनेको धोती र टोपीका कुरा गर्छन्। टोपी लगाउँदैमा राष्ट्रवादी भइहाल्छन्, भारतलाई गाली गर्दैमा ठूलो राष्ट्रियता हुने मानसिकता छन्। तर, जो वास्तवमा नेपालका लडेका छन्, गणतन्त्रका लागि शहीद भएका छन् तिनीहरूको बारेमा जति काम हुनुपर्ने हो, त्यसमा पटक्कै भएको छैन।

**० मधेशकेन्द्रित राजपा र समाजवादीलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– सत्तामा भएकाहरूले जहिले पनि मधेशी शक्तिलाई छिन्नभिन्न पार्ने काम गरिरहेका हुन्छन्। त्यसै षड्यन्त्रमा पहिला उपेन्द्रजी पस्नुभो र अहिले राजेन्द्रजी आउनुभो। यस्तै कुराहरू भइरहेका छन्। मधेशकेन्द्रित दलहरूबीच शक्ति बन्दै गरेको अवस्था सत्ताधारीहरूले षड्यन्त्र गर्दै आएका छन्। मधेशका शक्तिलाई एक ठाउँमा आउन नदिने प्रपञ्चहरू हुँदै आएका छन्। त्यसको शिकार मधेशकेन्द्रित दलहरू हुँदै आएका छन्।

**० राजपा र समाजवादीबीच लामो समयदेखि एकताको कुरा चल्दै आएका छ तर, निष्कर्षमा पुग्न सकिरहेको छैन। कारण के देख्नुहुन्छ ?**

– एउटा दल सरकारबाट बाहिरिएको अवस्था छ भने अर्को जाने कसरतमा रहेको देखिएको छ। यी दुईटै शक्ति सरकारमा जानुभन्दा पनि मिलेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता छ। राजपा र समाजवादी मात्रै होइन कि प्रजातान्त्रिक सम्पूर्ण शक्तिहरू मिलेर जानुपर्छ। गत निर्वाचनमै मधेशकेन्द्रित दलहरू कांग्रेससँग मिलेर गएको भए राम्रो हुन्थ्यो। अहिले कम्युनिष्टको जति बोलवाला छ, यदि प्रजातान्त्रिक शक्तिहरू मिलेको भए यस्तो हुने थिएन। एउटै पार्टी नभए पनि प्रजातान्त्रिक गठबन्धन बनेको भए देशको लागि राम्रो हुन्थ्यो। यस विषयमा यिनीहरूले सोच्नुपर्ने हुन्छ।

**० भनेपछि नेपालमा दुई धारको राजनीतिक दल मात्र आवश्यक छ ?**

– यो कुरा त पञ्चायतकालमा पनि देखिएको थियो। आज पनि देशमा दुईटा धार प्रजातान्त्रिक र वामपन्थी मूलरूपमा देखिन्छ। त्यो हिसावले नै पार्टीहरू अगाडि बढे भने राम्रो हुन्थ्यो। अहिले नै हेर्ने हो भने सभामुख नै नहुँदा संसद अवरोध भइरहेको छ। कम्युनिष्टसँग बहुमत छ तर उनीहरूले सभामुख चयन गर्न सकेको छैन। नेतृत्वबीच कस्तो होडबाजी छ यसले नै देखाइरहेको छ।

**० प्रदेश २ मा मधेशकेन्द्रित दलहरूको सरकार छ, कस्तो छ कामकारबाही ?**

– सुरूमै जब संविधान बन्ने बेला थियो, त्यतिबेला हामी जस्ता अनेकले सुझाव दिएका थिए कि पहिले संसदको चुनाव भएर मात्र प्रदेशको चुनाव होस्। पहिले संसदको चुनाव गर्नुको मतलब प्रदेशका लागि आवश्यक नियम कानूनहरू निर्माण गरेर प्रदेशको निर्वाचन हुनु पदर्थ्यो। तर, त्यस्ता कामहरू गरिएन, यहाँ त अल्झाउने कामहरू हुन्छन्। जसले गर्दा सबै कुरा लथालिङ्गको अवस्थामा छ। ऐन कानूनहरूको अभावले प्रदेश र केन्द्रको बीचमा अनावश्यक विवादहरू खडा भइरहेको छ। केन्द्रीय सरकारको सोचाइ बडो संकीर्ण छ। जब देश संघीय व्यवस्थामा गइसकेको छ, तब प्रदेशलाई शक्तिशाली बनाउनुपर्छ। त्यसका लागि संघले प्रदेशलाई अधिकारहरू पनि दिनुपर्छ। त्यस्ता कुरामा सिंहदरबारको ध्यान जानुपर्ने थियो।

**० भनेपछि प्रदेश सरकारको अनुभूति भएको छ ?**

– केही कामहरू त भएकै छ, तर जुन मूलभूत कामहरू हुनुपर्ने थियो त्यो भइरहेको छैन। प्रदेश सरकार गठन भएको दुई वर्ष पुग्न लागेको छ। प्रदेश सरकारले केही सानोतिनो कामहरू गरिरहेको छ तर ठोस कामहरू हुन सकेको छैन। जब केन्द्रले नै ठोस काम गर्न सकेको छैन प्रदेशको हामी के कुरा गर्ने ? समृद्ध नेपाल, सुखी नेपालीको नारा मात्रै दिएर हुँदैन। प्रदेश सरकारले बिल्कुलै केही गर्न सकेको छैन भनेर भन्न मिल्दैन।

**० नेपाल-भारत सीमा विवादलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– विवाद छ भने त्यसको समाधान हुनुपर्छ। नेपाल-भारतको सीमा विवाद आजको होइन, ५० वर्षभन्दा बढी भइसक्यो। कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका कुराहरू आइरहेको छ, त्यहाँ किन त्यसरी भयो, त्यतिबेला हाम्रा देशका सरकारले किन गर्न दियो यसबारे पनि सोच्नुपर्छ। अहिले सीमा विवाद समाधान गर्ने कुरा भइरहेको छ, राम्रै कुरो हो। दुई देशका नेतृत्वकर्ताहरूले आपसी सहमतिमा समाधान गर्नुपर्छ।

**० अहिले नेपाल-भारतबीचको सम्बन्ध कस्तो देख्नुहुन्छ ?**

– नेपाल-भारतबीच हजारौंहजार वर्ष पूरानो सम्बन्ध छ। अर्थात, जुन नेपाल र भारत नाम थिएन यहाँ मिथिला, अवध, पूर्ण आर्यावर्त थियो। त्यस्तो समयमा सीता र रामको विवाह भएको बेलादेखि जो हाम्रो सम्बन्ध छ, त्यसमा असर गरेको छैन। कसैले भारत विरोधी नारा लगाउँदैमा सम्बन्ध बिग्रदैन। अँग्रेजी नयाँ वर्षको अवसरमा भारतका धेरै पर्यटकहरू जनकपुरधाम आएका थिए। त्यसैले, केही कुटनीतिक विवादले दुई देशको सम्बन्धलाई असर गर्दैन।

# किसानको सम्पूर्ण भुक्तानी नदिलाएसम्म आन्दोलन जारी रहन्छ

हामी त कार्यान्वयन पक्षमा विश्वास गर्छौं। पहिला पनि हामीसँग सम्झौता गरिएको थियो तर कार्यान्वयन भएन। तर, सरकार अहिले जसरी नयाँ तरिकाबाट प्रस्तुत हुन खोजिरहेको छ, उद्योगमन्त्रीले आफ्नै जिम्मा लिनुभएको छ, यसमा हामीलाई आशा पलाएको छ।



राकेश मिश्र
आन्दोलरत् उखु किसानहरूका अगुवा
तथा राजपा नेपालका सहमहामन्त्री

**० उखु किसानहरूको आन्दोलन के हो ?**

– उखु किसानहरू १५ महिनादेखि आन्दोलन गर्दै आएका छन्। अन्नपूर्ण सुगर मिल र महालक्ष्मी सुगर मिल सर्लाही निर्वाचन क्षेत्र ४, जुन मेरो निर्वाचन क्षेत्र हो त्यहाँ पर्दछ। चुनावपछि जब गाउँ-गाउँमा डुले र उखु किसानहरूको समस्या अध्ययन गर्दै जाँदा एकदमै जटिल र कहालीलाग्दो अवस्था थियो। आफूले मिहिनेत गरेर खुनपसिना बगाई गरेको कमाई ऋृण लिएको साहुलाई तिर्नुपर्ने पीडा देखेर मैले सम्पूर्ण किसानहरूलाई भेला गराए। त्यसपछि उखु किसान संघर्ष समिति सर्लाही-४ गठन गर्न लगाएँ। त्यसपछि हामीले चरणबद्ध रूपमा आन्दोलन गर्दै आयौं। त्यस क्रममा हामीसँग पाँचबुँदे सम्झौता पनि भएको थियो।

**० तत्कालीन अवस्थामा भएको पाँचबुँदे सहमतिमा के थियो ?**

– तत्कालीन अवस्थामा हामीले गरेको सम्झौतामा असारमसान्तभित्र किसानहरूको सम्पूर्ण रकम भुक्तानी गरिने, उद्योगीहरूले विगत पाँच वर्षदेखि राखेका पैसा असारमसान्तभित्र गरिने, चालू आर्थिक वर्ष र बाँकी सम्पूर्ण रकम कार्तिक मसान्तभित्र गरिनेछ भनेर भनियो। तर त्यो कार्यान्वयन भएन। म दिनहुँ जिल्ला प्रशासन कार्यालय, उद्योगीको घर जान्थे तर उनीहरू आलटाल गरिरहे। सबै किसानहरूको पीडा हेरेर बाध्य भई हामीले काठमाडौंकेन्द्रित आन्दोलन थाल्यौं। आन्दोलनमा काठमाडौंका नागरिक समाज, मधेशी समुदाय, मिडिया र विद्यार्थीहरूको उत्साहकजनक सहभागिताले सरकारलाई दबाब पर्न थाल्यो। किसानलाई राज्यले कहिल्यै पनि मान्छे नै ठान्दैनथे। हाम्रो आन्दोलनमा मिडियाको ठूलो सहयोग रहेको छ।

**० यो काठमाडौंकेन्द्रित आन्दोलनको क्रममा बुधबार सरकारी पक्षसँग वार्ता पनि भएको छ, के आयो निष्कर्ष ?**

– विभिन्न पक्षबाट सरकारमाथि दबाब पर्न थालेपछि बुधबार सरकारले हामीलाई वार्ताका लागि बोलाएको थियो। हामी सिंहदरबारमा वार्ता गर्न जाँदा किसानका ११ बुँदे मागसहित हामी सरकार सामु प्रस्तुत भएका थियौं। २०७० सालदेखि हाल २०७६ सालसम्मका सम्पूर्ण भुक्तानी तुरून्तै गर्नुपर्ने, नेपाल सरकारले तोकेको ५३६ रूपैयाँ तोकेको छ तर मिल मालिकले केही मानिसलाई बोलाएर बलजफ्ती ५०० रूपैयाँ मात्र तोके। तर, हामीले ५३६ रूपैयाँ नै तिर्नुपर्ने माग राख्यौं। किसानले उखु मिलमा पुऱ्याएको ३६ घन्टाभित्र तौल गरिसक्नुपर्छ। त्यसैगरी, किसानले जुन दिन तौल गराउँछ त्यसको १५ दिनभित्र एकमुष्ट भुक्तानी गर्नुपर्छ। कृषि मन्त्रालयले गरेको परिपत्रलाई खारेज गरेर जसको हातमा पुर्जी छ उसको खातामा पैसा सिधै पठाउनुपर्छ। हामी कहाँ मल, बीउका लागि मल, खाद्य र बीउ बिक्री केन्द्र स्थापना होस् लगायतका मागहरू हामीले सरकारी पक्ष समक्ष राखेका छौं।

**० तपाइँहरूको मागप्रति सरकारी पक्षको जवाफ के थियो ?**

– सबै उद्योगीहरू मन्त्रालयको सम्पर्कमा आएका छन्, किसानहरूको समस्या समाधानका लागि दुइटा तरिका निकालेको बताए। एउटा तत्कालीन र अर्को दीर्घकालीन रूपमा समाधान गर्ने तरिका निकालेको हामीलाई बताइयो। तत्कालका लागि सरकारी अनुदान भोलीदेखि नै सहजीकरण गर्ने, परिपत्र दिने ताकि दुई/तीन दिनमै सरकारले भुक्तानी पाओस् भनेर भनियो। त्यसपछि सरकारले हामीसँग समय मागेको छ। यो धेरै दिनको जटिल समस्या हो, १५/२० दिनको समय माग्न खोजेको थियो। तर, हामी सर्लाहीबाट काठमाडौं आउँदा पैसा दिलाएरै फर्कने भनेर आएका छौं। त्यसकारणले तत्कालै हामी भुक्तानी चाहियो भनेर भन्यौं। तर, सरकारी पक्षले जसरी किसानको पैसा दिलाउने, त्यसो नभए उद्योगीहरूको मिल सिज गरेर भएपनि भुक्तानी दिलाउने आश्वासन दिएको छ। सरकारबाट आएको प्रस्ताव सकारात्मक नै थियो। तर, बोलीमा मात्रै आएको छ त्यहीअनुसार गरिदियो भने सबैको समस्या समाधान हुन्छ। तर, हामीलाई धेरै पटक सरकारले ठगिसकेको छ। त्यसकारणले सरकारमाथि सजिलै विश्वास गर्ने अवस्था छैन।

**० उखु किसानको भुक्तानी दिने सरकारको आश्वासनपछि तपाइँहरूको आन्दोलन जारी रहन्छ कि स्थगित हुन्छ ?**

– अब हाम्रो आन्दोलनको स्वरूप परिवर्तन हुन्छ। किनभने जब सरकारले यति विश्वास दिलाएको छ कि उद्योगीहरूको घर जग्गा लिलामी गरेर भएपनि किसानको भुक्तानी दिलाइन्छ। सरकारले जुन समय अवधि दिन्छ त्यो अवधिमा किसानको खातामा पैसा जान्छ भन्नेप्रतिबद्धता दिएपछि हामीले पनि केही न केही विश्वास गर्नैपर्छ। यसलाई हामीले सकारात्मक लिएका छौं। यदि भोली उखु किसानको भुक्तानी दिएन भने त्यसको ठोस आधार खोज्दैछौं।

**० कस्तो किसिमको ठोस आधार चाहिन्छ ?**

– यदि सरकारले भनेको समयसीमामा किसानको भुक्तानी दिएन भने हामी सरकारमाथि पनि मुद्दा हाल्न सकोस् भन्ने आधार चाहिन्छ। किनभने हामीले यस्ता सम्झौता पहिला पनि गरिसकेका छौं। तर ती सम्झौताहरू कार्यान्वयन हुन सकेको छैन। फेरि हामीसँग धोका नहोस् भन्ने आधार चाहन्छौं। पहिला पनि हामी अनसन बसेर सरकारी पक्षले नै सम्झौता गरेको थियो तर, कार्यान्वयन भएन। तर, सरकोकारबाला मन्त्रीले उखु किसानको भुक्तानी जसरी पनि दिलाउने जिम्मा लिनुभएको छ।

**० सरकारलाई कति दिनको समय दिनुहुन्छ ?**

– हामी सबै उखु किसान साथीहरूसँग छलफल गर्छौं, सबैको राय बुझ्छौं त्यसपछि हामी निर्णय गर्छौं। हामी भोलीदेखि भुक्तानी पाउनुपर्छ चाहन्छौं, तर सरकारले १०-१५ दिनको समय चाहेको छ। अहिले हामीसँग सम्पूर्ण नागरिक समाज, बुद्धिजीबी, विद्यार्थी र मिडियो साथमा छ भने हामी चुक्नु हुँदैन। तर, सरकारी पक्षबाट आएको कुरालाई हामीले सकारात्मक लिएका छौं।

**० सरकारी अनुदान पनि सरकारले दिन सकेको छैन नि ?**

– सरकारी अनुदानको विषयमा सरकारले तत्कालै पहल गर्ने बताएको छ। जसको हातमा पुर्जी छ, उसको खातामा सिधै पैसा जान्छ। त्यसका लागि सम्बन्धित निकायलाई परिपत्र गरिने बताइएको छ। बढीमा तीन दिनभित्र सरकारी अनुदानको सबै रकम किसानको खातामा पुगिसक्ने प्रतिबद्धता जनाइएको छ।

**० अब फेरि सरकारसँग सम्झौता गर्ने कि पहिला कार्यान्वयन पक्ष हेरेर आन्दोलन रोक्ने ?**

– हामी त कार्यान्वयन पक्षमा विश्वास गर्छौं। पहिला पनि हामीसँग सम्झौता गरिएको थियो तर कार्यान्वयन भएन। तर, सरकार अहिले जसरी नयाँ तरिकाबाट प्रस्तुत हुन खोजिरहेको छ, उद्योगमन्त्रीले आफ्नै जिम्मा लिनुभएको छ, यसमा हामीलाई आशा पलाएको छ। सरकारी अनुदानबाट जब किसानको खातामा पैसा जान थाल्छ त्यसपछि हामीलाई विश्वास लाग्छ। सरकारले तत्कालै आफ्नो अनुदान दिन थाल्यो भने हामी ढुक्क हुन्छौं।

**० भनेपछि सरकारी अनुदान दिन थालेपछि काठमाडौं आएका किसानहरू घर फर्किने छन् ?**

– यो बुहुत गम्भीर विषय हो। सबै किसानसँग बसेर छलफल गरेर अनि मात्र निष्कर्षमा पुग्छौं।

**० चार पाँच वर्ष पहिलादेखि नै जुन किसानले भुक्तानी पाएका छैनन्, ठूलो ब्याजमा ऋृण लिएर खेती गरेका छन् तिनीहरूको ऋृण दुई तीन गुणा बढी भइसकेको होला, तिनीहरूले भुक्तानी पाएभने पनि ऋृण तिर्न सक्छन् ?**

– धेरै कठिन छ। उनीहरूले लिएको ऋृण पनि तिर्न सक्ने अवस्था छैन। तर, कमसेकम किसानलाई राहत त होला। त्यो भुक्तानी पनि पाएनभने झन् दिनप्रति ऋृणि हुँदै जानेछ। निर्वाचनका बेला सबै नेताहरू किसानलाई ढोग्छन्, तर मत लिइसकेपछि किसानको समस्याबारे सोध्न पनि आउँदैन। तर, अब किसान ठगिनेवाला छैन। किनकि म किसानसँग जहिले काँधमा काँध मिलाएर अगाडि बढ्न तयार छु। किसानको सम्पूर्ण भुक्तानी नदिलाएसम्म आन्दोलन जारी रहन्छ। हामीसँग मिडियाको पनि सहयोग छ। यो लामो लडाइ हो, यसमा हाम्रो विजय अवश्य नै हुन्छ। किनभने किसान हाम्रा अन्नदाता हुन्। हामी आफ्ना अन्नदाताका लागि जहिले पनि आन्दोलन गर्न तत्पर हुन्छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेश आन्दोलनको गाथा

नेपालमा मधेशी समुदायले मुक्तिका लागि गरेको आन्दोलनको इतिहास इ.सं. १९४३ बाट सुरू हुन्छ । त्यसबेला सप्तरी जिल्लाको कोइलाडी र बनरझुलाका बासिन्दाले अङ्ग्रेजहरू विरूद्ध भारतीयहरूले चलाएको ‘भारत छोडो’ आन्दोलनका कारण नेपालमा आश्रय लिन आएका डा. जयप्रकाशनारायण लगायतका नेताहरूलाई नेपालको तत्कालीन राणा सरकारका स्थानीय बडाहाकिमले गिरफ्तार गरी सप्तरीको हनुमाननगरमा थुनेका थिए । यहीँबाट नेपालमा राणा शासन विरूद्ध नेपालका मधेशी जनताले सुरू गरेको प्रतिकारको आन्दोलन सुरू हुन्छ । इतिहास केलाउँदै जाने हो भने यसअघि पनि मधेशीहरूले राणा शासनकालमा राजनीतिक आन्दोलनमा भाग लिएको पाइन्छ । राजा राजेन्द्र विक्रम शाह र जङ्गबहादुर राणाबीचको विवादमा पर्सा जिल्लाको अलौ भन्ने स्थानमा स्थानीय मधेशीहरूले राजा राजेन्द्रको पक्षमा नेपाली सेनाको विरूद्धमा १८४७ जुलाई २७ मा लडेको पाइन्छ । कतिपयले उक्त घटना नै मधेशीहरूले गरेको पहिलो मधेश आन्दोलन हो भनेर अर्थ्याउने पनि गरेका छन् । तर, यस आन्दोलनमा मधेशीहरूले आफ्नो हकअधिकारका लागि नभई राजाको हितका लागि लडेकाले यसलाई मधेश आन्दोलन भन्न नमिल्ने तर्क पनि छ ।

त्यसो त राणा शासनकालमै नेपाली कांग्रेसले प्रजातन्त्र प्राप्तिको लागि गरेको संघर्ष गर्न तयार गरेको स्वतन्त्रता संग्राम सेनानीमा पनि मधेशीहरू पनि भाग लिएका थिए । नेपाली कांग्रेसले भैरहवा, वीरगन्ज, विराटनगरमा गरेको राणाविरोधी आन्दोलनमा मधेशीहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । राणाविरोधी आन्दोलनमा मधेशीहरू संलग्न भए पनि उनीहरूले संस्थागत रूपमा मधेशीहरूको हकअधिकारका लागि आन्दोलन गरेको पाइँदैन । यद्यपी मधेशीहरूले आफैँ स्थानीय रूपमा संगठित भएर राणाशासनका विरोधमा गतिविधिहरू गरेका उदाहरणहरू पनि पाइन्छन् । वि.सं. १९९२ साल वैशाख २३ गते पण्डित रमाकान्त झा (महोत्तरी) को नेतृत्वमा मधेशका २२ जना युवाहरूले जनकपुरको पापमोचनीमा आफ्नो रगतबाट हस्ताक्षर गरी निरङ्कुश राणाशासनको अन्त्य गर्न कसम खाएका थिए । तिनीहरूमा देवशंकर गिरी, श्रीकान्त ठाकुर, बौआलाल झा, अनिरूद्रप्रसाद सिंह, कमलकान्त चौधरी, जमुनाप्रसाद सिंह, बलभद्र चौधरी, रामदुलार साह, रामचन्द्र झा, राजेश्वर निधि, महन्थ गोकुल गिरी, गङ्गेश्वर झा, गुलावनारायण झा आदि थिए । २००३ साल चैत २७ र २८ गते नेपाली कांग्रेसले जोगबनीमा गरेको प्रतिनिधिहरूको सम्मेलनले आश्वान गरेको देशव्यापी आन्दोलनमा लुम्बिनीबाट भोलानाथ शर्मा र दयाशंकर मुन्सीलाई बन्दी बनाइएको थियो भने जनकपुरबाट सरयुग चौधरी, आशिस भगत, मिश्रिलाल गुप्ता, लक्ष्मण साह, भीष्मजङ्ग केशरी, दिगम्बर झा, बच्चा झा, निर्गुण यादव, महेन्द्र नारायण निधि, नकुलबहादुर सिंह, पं. रमाकान्त झा, सुन्दर झा शास्त्री गिरफ्तारीमा परेका थिए ।[1]

कांग्रेसले राणाविरोधी आन्दोलन गरिरहँदा २००६ माघ १६ गते भद्रकाली मिश्र र रामनारायण मिश्रले लोकसेवा संघको स्थापना गरेका थिए ।

नेपाली कांग्रेसको मुक्ति सेनाले वीरगन्ज कब्जा गरेपछि गौरमा किसानहरूको जुलुसमाथि २००७ साल मंसिर ३ गते सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा शिवप्रसाद सिंह, रति सन्यासी र नन्दु साहसहित १५-२० जनाको हत्या भएको थियो । त्यसै गरी राणाविरोधी आन्दोलनमै मोरङ्तर्फ बढेको सरकारी फौजलाई कोशी पश्चिममै रोक्नका लागि डा. कुलदीप झाको नेतृत्वमा विराटनगरबाट हिडेको मुक्ति सेनासँग सुनसरीको कुशाहानजिक झडप हुँदा कुलदीप झाको मृत्यु भएको थियो ।

नेपाली कांग्रेसले आन्दोलनका क्रममा कब्जा गरेका क्षेत्रमध्ये महोत्तरी जनसरकारमा महेन्द्रनारायण निधि मुख्य मन्त्री, निर्गुण यादव पुलिस प्रधान र सरयुग चौधरी जनसम्पर्क अधिकारी रहेकोबाट नेपाली कांग्रेसले सफलता प्राप्त गरेको राणाविरूद्धको आन्दोलनमा मधेशीहरूको भूमिका अग्रस्थानमा थियो ।

२००८ सालमा सिराहाका वेदानन्द झाले गठन गरेको नेपाल तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेशी मुद्दालाई उठाएको हो । पार्टी स्थापना भएको दुईवर्ष भित्रमा तराई कांग्रेसले ६० हजार सदस्यहरू बनाइसकेको थियो । २००९/२०१० मा वेदानन्द झाले सल्लाहकार सभामा मधेशीहरूको उचित प्रतिनिधित्व हुनुपर्दछ भन्ने माग गरेका थिए ।

२००९ सालदेखि मधेशमा चर्किएको किसान आन्दोलनमा पनि मधेशीहरू सहिद भएको पाइन्छ । किसान आन्दोलनमा सक्रिय रहेकाहरूमध्ये २००९ सालमा रौतहटमा असर्फी साह, २०११ सालमा सिराहाका बहादुर सदार बाराको मुँगालाल महतो तथा २०१४ सालमा सप्तरीका अघोरी यादव सरकारी सुरक्षा निकायबाट हत्या भएको हो ।

धनुषा जटहीका दुर्गानन्द झाले २०१८ साल माघ ९ गते जनकपुरको जानकी मन्दिरमा राजा महेन्द चढेको गाढीमा बम प्रहार गर्दा उनी सुरक्षा निकायद्वारा तत्कालै पक्राउ परेका थिए २०२० साल माघ १५ गते उनलाई सरकारले मृत्युदण्ड दिएको थियो । सोही घटनामा पक्राउ परेका योगी साह १० वर्ष पछि रिहा भए भने अरविन्दकुमार ठाकुर १६ वर्षपछि जेलमुक्त भएका थिए ।

सप्तरीका रघुनाथ ठाकुरले २०१३ मा मधेशी मुक्तिको आन्दोलन गरेका थिए । ठाकुरले नेपालको बृटिश इस्ट इन्डिया कम्पनी र भारत सरकारसँग भएका विभिन्न सन्धिहरूको हवाला दिंदै तराई संयुक्त राष्ट्रसङ्घको विधानको ७३ सेक्सनअन्तर्गत पर्ने भएकाले स्वतन्त्र हुनुपर्दछ भन्ने माग राखेका थिए । यसका लागि उनले ‘मधेश जनक्रान्तिकारी दल’ खोलेका थिए । उनले पनि नेपाल सरकारसँग अधिकार खोस्न मधेशीहरूको आफ्नै सेना बनाउने योजना बनाएका थिए ।

शासक बर्गको षडयन्त्रबाट २०३८ सालमा उनको हत्या भयो ।

उता नेपाली कांग्रेसमा रहेका गजेन्द्रनारायण सिंहले विपी कोइरालासँग मधेशको सवालमा मतान्तर भएपछि २०३४ सालमा पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए । यसका अन्य सदस्यहरूमा भदकाली मिश्र, रामचन्द्र मिश्र, बलराम नायक र भागवत यादव जस्ता सङ्घर्षशील व्यक्तिहरू थिए ।

यसमा गजेन्द्रनारायण सिंह, अनिस अन्सारी, कामेश्वर सिंह, रामवृक्ष, तोपाको गङ्गाधर झा, केदार यादव, राम बल्लभ, चन्द्रशेखरहरू संलग्न थिए । यो सङ्गठनका माध्यमबाट उनीहरू गाउँगाउँमा गएर मधेशीहरूको समस्याको बारेमा चर्चा गर्ने गर्दथे । गजेन्द्र नारायण सिंहले नेपाल सद्भावना परिषद् नामक एउटा सामाजिक समिति बनाएर सोही समितिमार्फत मधेशीहरूको पक्षमा गोष्ठी, सभा, छलफल जस्ता कार्यक्रमलाई अघि बढाए । मधेशीहरू संलग्न एउटा समूह नेपाली कांग्रेसबाट विद्रोह गरेर इ.सं. १९६१-६२ मा भारत नेपाल सीमामा सक्रिय भएका बेला नेपालमा बसोबास गरिरहेका मैदानी भागका मानिसको माग पूरा गराउन तराई मुक्ति मोर्चाको गठन गरेका थिए । मोर्चामा लागेका मध्ये रामजी मिश्रको वि.सं. १९६३ मा नेपाल प्रहरीले हत्या गरेको थियो । सोही समयमा नेपाली सेनाले रघुनाथ रायको हत्या गरेको थियो ।

इ.सं. १९६७ को अन्त्यतिर तराईमा पर्ने नौतनवामा भएको एक भिडन्तमा स्वघोषित तराई मुक्ति मोर्चाको सभापति सत्यदेवमणि त्रिपाठी मारिएका थिए ।

२०४६ सालको जनआन्दोलनमा गजेन्द्र नारायण सिंहको परिषद्मा आवद्ध नेताहरू सप्तरीका दिलीपकुमार सिंह, कामेश्वर सिंह, हजारी यादव, अनीश अन्सारी, महेन्द्र शाह, बासुदेव यादव, शिवनाथ साहू, जनार्दन मण्डल, ललनप्रसाद सिंह, सत्यनारायण यादव, गंगाधर झा, जनार्दन यादव, र परमानन्द झा गिरफतार भएका थिए

राजतन्त्रको विरोधीका रूपमा चिनिएका गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहले वि.सं. २०३७ सालको जनमत सङ्ग्रहमा बहुदलिय जनवादी मोर्चाको नामबाट बहुदलको पक्षमा भाग लिएका थिए भने जनमत सङ्ग्रह पछि सशस्त्र सङ्घर्ष गर्ने योजना बनाउन थाले । वि.सं. २०४२ सालमा राजदरबार, सिंहदरवारलगायतका स्थानमा बम विस्फोट गराएका थिए ।

.२०४६ साल चैत २६ गते तत्कालीन राजा वीरेन्द्रबाट नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेपछि नेपाल सद्भावना परिषद्ले २०४७ वैशाख ३ गते सद्भावना परिषद्को काठमाडौंमा बैठक बसेर परिषद्लाई राजनीतिक पार्टीको रूप दिएको थियो ।

२०५० साल वैशाख १७ गते मधेसीहरूको हकअधिकार प्राप्तिको लागि नेपालगञ्जमा आर.डी. आजादले मधेस मुक्ति सङ्गठन नामक पार्टी स्थापना गरेका थिए ।



२०५८ साल माघ १० गते गजेन्द्रनारायण सिंहको मृत्यु पछि पार्टीमा फुटको राजनीति शुरू भएको हो ।

२०५१ मा गजेन्द्रनारायण सिंहले हृद्यश त्रिपाठीलाई कारवाही गरेकाले उनले अरू साथीहरूको सहयोगमा नेपाल समाजवादी जनता दल खोले । यसरी सद्भावना पार्टीको फुट सुरू भएको थियो ।

त्यसै गरी नेपाल सद्भावना पार्टीबाट टुक्रिएर नेपाल सद्भावना पार्टी (आर) बन्यो । २०५४ सालपछि नेपाल सद्भावना पार्टीबाट फुटेर बनेको नेपाल समाजवादी जनता दल पुन: पुरानो पार्टीमा एकीकरण भएको थियो भने सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहको मृत्युपछि उक्त पार्टीको अध्यक्षता उनकी श्रीमती आनन्दीदेवीले गरेकी थिइन् । तर पार्टीको नेतृत्वमा विवाद चर्किन थालेपछि सद्भावना पार्टी विभिन्न चिरामा विभक्त भयो । राजेन्द्र महतोले नेतृत्व गरेको सद्भावना पार्टीले छुट्टै साङ्गठनिक संरचना बनाएर अघि बढ्यो ।

देशमा संघीयता, पहिचान, धर्मनिरपेक्षता, समावेशी-समानुपातिक मुद्दा स्थापित गराउन मधेश आन्दोलनको पनि भूमिका छ । नागरिकता विषय राष्ट्रिय मुद्दा बनेको छ । संघीयता, जनसंख्याको आधारमा प्रतिनिधित्वको सवाल, नागरिकता, पहिचान लगायतका कुरा मधेश आन्दोलनबाट न्न प्राप्त भएका उपलब्धी हुन् । पहिलो मधेश आन्दोलन राज्य विरूद्धको आन्दालन थियो । त्यो आन्दोलनलाई समाप्त कसरी गर्न सकिन्छ भनेर राज्यले सोच्यो । तर मधेशले त्यसको प्रतिरोध गरिरह्यो । अहिले पनि राज्य र मधेशबीच त्यसैका लागि लडाई भइरहेको छ ।(Footnotes)

# दुर्गानन्द झाको जीवन संघर्ष

दुर्गानन्द झाको जन्म १९९९ साल वैशाख १४ गते धनुषाको दक्षिणी गाउँ जटियामा आमा सुकुमारी देवी झा को गर्भबाट भएको थियो । बाबु देवनारायण झा उनी सानो छँदै बितेका थिए । दुर्गानन्द सानैदेखि राम्रो फूटबल खेलाडी थिए र राम्रो गीत पनि गाउँथे । नेपालको जटही गाउँमा प्राथमिक शिक्षा पाएपछि अगाडिको पढाइ त्यहाँ नहुने भएकोले उनी माध्यमिक तहको अध्ययनको लागि भारतको उँमगाउँको एउटा विद्यालयमा भर्ना भए ।

१८ वर्षे दुर्गानन्दले जानकी मन्दिर नजिक सेना र गुप्तचरका आँखा छल्दै ग्रिनेड प्रहार गरेका थिए । प्रहारबाट राजा महेन्द्र चढेको ल्याण्डरोभर गाडीको पछाडिपट्टि सामान्य क्षति भएपनि राजालाई केही भएन । त्यसपछि दुर्गानन्द झा भागेर भारतमा रहेको सशस्त्र क्याम्पमा पुगे ।यता दुर्गानन्दका परिवार, आफन्त, इष्टमित्र, छरछिमेक, कांग्रेस नेता लगायत ५६ जनालाई पक्राउ गरी ठूलो यातना दिइयो । दुर्गानन्द आफन्त, इष्टमित्रले पाएको यातनाबाट दु:खी भएर तत्कालीन सरकारलाई चिट्ठी लेख्दै गिरफ्तारी दिए । गिरफ्तार गरी जलेश्वर जेलमा एक रात राखेपछि परकौली सैनिक क्याम्पबाट उनलाई सेनाको हेलिकोप्टरबाट काठमाडौं ल्याई सुन्धारा स्थित भद्रगोल जेलमा राखियो ।



यो केसको छानविन गर्नका लागि एक विशेष अदालतको गठन गरिएको थियो । २०१९ भदौ १९ मा उनलाई कुनै सुनुवाईको मौका नै नदिई मृत्युदण्डको सजाय तोकिएको थियो । उनलाई २१ बर्षको उमेरमा २०२० साल माघ १५ गते मध्यराती केन्द्रीय कारागारमा पञ्चायत सरकारले मृत्युदण्ड दिएको थियो । मृत्युदण्डको अघिल्लो दिन २०२० साल माघ १४ गते उनले आमा सुकुमारी देवी र पत्नी काशीदेवी झालाई केही बेर भेटेर सान्त्वना दिए । दुर्गानन्दलाई विभिन्न शारिरीक र मानसिक यातना दिएर माफी मागी बिन्तीपत्र लेख्न भन्दा पनि उनले मानेनन् । फलत: उनलाई मृत्युदण्ड दिइयो । आमा लगायत परिवारले शव माग्दा पनि पञ्चायति सरकारले दिएन । कुशको लास बनाएर भारतको गयामा उनको दाहसंस्कार भयो । दुर्गानन्दकी आमाको २०६० भदौ ३१ गते निधन भएको विकिपिडियामा उल्लेख छ ।

# प्रजातान्त्रिक योद्धा गणेश नेपाली

पञ्चायती शासन व्यवस्थाविरूद्ध, राजा ज्ञानेन्द्रको शाही शासनकालको निरंकुशताविरूद्ध अग्रपंक्तिमा रहेर आन्दोलनको नेतृत्व गरेका प्रजातान्त्रिक योद्धा गणेश नेपालीको योगदानलाई बिर्सन सकिँदैन । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका केन्द्रीय सदस्य रहेका नेपाली पहिलो संविधान सभाको निर्वाचनमा तराई मधेश लोकतान्त्रिक पार्टीबाट प्रत्यक्ष निर्वाचन जितेर युवा तथा खेलकुद मन्त्री समेत बनेका थिए । नेपालीले २०२४ सालतिर भारतमा शिक्षा प्राप्त गरे । केही समय उनले भारतमै काम समेत गरेर गाउँ फर्किए । त्यसपछि उनले आफ्नो गाउँ चौरियामा रात्रीकालीन पाठशाला सञ्चालन गरेर गाउँलेलाई शिक्षित पार्ने उद्देश्यले साक्षरताको कक्षा सञ्चालन गर्न थाले । निरक्षर रहेका प्रौढदेखि आइमाई लगायतलाई उनले अक्षरको ज्ञान सिकाएर हस्ताक्षर समेत गर्न सिकाएका थिए । नेपालीका छोरा बजरंग नेपाली भन्छन्, ‘अझै पनि गाउँका कतिपय बुजुर्ग व्यक्तिहरू भन्ने गर्छन् कि हस्ताक्षर कसरी गर्ने भन्ने कुरा नेपालीजीले नै सिकाउनुभयो ।’ तर दुर्भाग्य ! उनले सञ्चालन गरेको रात्रीकालीन पाठशाला बन्द गराएर तत्कालीन पञ्चायती शासकले उनलाई २०२८ सालमा गिरफ्तार गरे । शान्ति सुरक्षामा खलल पुर्ऱ्याएको मुद्दा अन्तर्गत पक्राउ गरेर उनलाई सिन्धुली कारागार लगियो । ६ महिनापछि मात्र उनलाई रिहा गरिएको थिए । जेलबाट निस्केपछि उनको सम्पर्क तत्कालीन तरूण पत्रिकाका सम्पादक रहेका शैलेजा आचार्यसँग भयो । एकातर्फ उनले तरूण पत्रिकाका लागि संवाददाता भएर काम गर्न थाले भने अर्कोतर्फ भारतको बनारसमा रहेका बीपी कोइराला र गोरखपुरमा रहेका गणेशमान सिंहसँग पनि भेट गर्ने अवसर जुट्न थाल्यो । सोही क्रममा २०२९ सालमा तत्कालीन शिक्षा नीतिविरूद्ध धनुषाको यदुकुहामा विद्यार्थीले आन्दोलन गरेका थिए । आन्दोलनमा प्रहरीको गोली लागेर कामेश्वर र कुशेश्वर गरी २ जना विद्यार्थीको मृत्यु भएको थियो । त्यो आन्दोलनमा समेत उनी सहभागी थिए । फेरि २०३० सालमा भारतको मधुबनीमा नेपाली कांग्रेसका नेता सरोज कोइरालाको समेत हत्या गरिएको थियो । दमन र हत्याका २ वटा घटनाका कारण नेपालीमा पञ्चायती शासकविरूद्ध झन्झन् आक्रोश बढ्दै गएको थियो । तरूण पत्रिकाको संवाददाताको आवरणमा उनले महोत्तरी जिल्लामा विद्रोही युवा दस्ता तयार गर्न थाले । उनको भेद प्रशासनले थाहा पाएपछि उनीविरूद्ध राजद्रोहको मुद्दा चलाएर ‘शूट वारेन्ट’ नै जारी गरेको थियो । त्यसकारण नेपाली भारतको बिहार प्रदेशको सीतामढी क्याम्पमा प्रवासित जीवन बिताउन थालेका थिए । क्याम्पको नेतृत्व नेपाली कांग्रेसका बासुशरण कोइरालाले गरेका थिए । त्यहीँबाट उनले राजनीतिक गतिविधिमा समेत प्रत्यक्ष संलग्न भई काम गर्न थालेका थिए । २०३० सालमा पञ्चायती व्यवस्था विरूद्धको नेपाली कांग्रेसको सशस्त्र आन्दोलनको रणनीति अनुसार नेपालीले महोत्तरी जिल्लाको भिठामोड भन्सारमा बम प्रहार गरेका थिए ।



२०४६ सालमा उनी महोत्तरी कांग्रेसको सभापति पदमा निर्वाचित भएका थिए ।

पञ्चायती व्यवस्थाको पोल खोल्नका लागि उनले आफ्नै प्रकाशन तथा हरिहर बिरहीको सम्पादनमा ‘लल्कार’ र बलराम शर्मा प्रकाशक तथा नेपाली आफैं सम्पादक रहेर ‘हुँकार’ बुलेटिन समेत प्रकाशन गर्न थालेका थिए । आफ्नी पत्नीको सबै गहना बेचेर उनले पत्रिका प्रकाशन गरेर पञ्चायती व्यवस्थाविरूद्ध समाचार प्रकाशन गर्ने गरेका थिए । २०४६ सालको आन्दोलनपछि भएको आमनिर्वाचनमा कांग्रेसले नेपालीलाई टिकट नै दिएन । सभापति हुँदा उनले सिफारिस गरेका नेतालाई पनि टिकट दिइएन र उनले पनि टिकट पाउन सकेनन् । त्यसकारण आक्रोशित हुँदै उनले विद्रोह गरे । उनी लगायत विभिन्न नेताले कांग्रेस परित्याग गर्दै नेकपा एमालेमा प्रवेश गरेका थिए । २०६२/०६३ सालको जनआन्दोलनपछि उनी महन्थ ठाकुरको अगुवाइमा गठन भएको तराई मधेश लोकतान्त्रिक पार्टीमा आवद्ध भएका थिए ।



# नेतृत्वको असक्षमताले सम्बन्धमा दरार



मनोज कुमार कर्ण

भारतको आन्तरीक राजनीतिमा नेपालका केही पहाडीवर्गको वामपन्थि रूझानयुक्त सरकारी र मिडिया 'हस्तक्षेप' पाईएकोले कूटनीतिक प्रश्नहरू तेर्सिएका छन् । जस्तै, भारत सरकारले नागरिकता संशोधन कानुन (सिटिजन एमेन्ड्मेन्ट ऐक्ट, सिएए) हाल त्यहाँको लोक र राज्य दुईटै सभाबाट पारित गरेको छ भने राष्ट्रिय नागरिक पञ्जिकरण (नेशनल रेजिडेन्ट् रजिष्ट्रेशन सर्टिफिकेट, एन्आरसी) कानून महिनौं अघि असमबाट लागू गरिसकेको छ । नेपालका प्रमुख दैनिक तथा साप्ताहिक मिडियामा फ्रन्टपेज मै लामो समाचार, टिप्पणी, एमनेस्टी इन्टरनेसनलको नाउंमा काठमाडौंमा विरोध प्रदर्शनका फोटाहरू बनिसके भने गत पौष ४ गते शुक्रबार करिब राति ९:४५ बजे नेपालका सम्मानिय प्रधानमन्त्रीको ट्वीट्टरबाट सिएए तथा एनआरसीको विरोधमा सोहि साँझ युपीए चेअरपर्सन तथा कंग्रेस आई अध्यक्ष सोनिया गांधीले विडियोमार्फत् विरोध जनाउने संदेशलाई रिट्वीट्ट गरेको भन्ने कुरो भारतका मीडीयामा आए भने गत पौष ७ गते सोमबार एउटा जिम्मेवार दैनिकमा भारतीय राजदूतसंग पत्रकारले भारतको धर्मराउंदो अर्थव्यवस्था र अन्य आन्तरीक मामिलामा प्रश्न गर्दा महामहिमले 'नेपालको चासो किन ?' भनेर अप्रत्यक्ष औंला नै ठड्याउनु परेको छ !

प्रमको फोनबाट रिट्वीट्ट नेपालमा कस्ले विना अनुमति गरे भन्ने पत्ता लगाउन नेपाल प्रहरीको आईटी सेललाई जिम्मा दिईएको भनिएको छ । कसलाई के सजाय होला वा, नेपाल हो, कसरी जनता र छिमेकी देशलाई बेवकूफ बनाउन जालो बुनिएला ? त्यो अर्को पाटो हो तर जनताले नामसहित जानी सके कि नेपाली प्रमको फोनको पासवर्ड जम्मा चार जनासंग छ । अनि आजसम्म नेपाली जनतालाई सरकारी तवरले नै जसरी मन्त्रीहरू झुक्याउदै दिनहुँ नयाँ-नयाँ निर्णय कथित् दुई-तिहाई बहुमतको आडमा गर्दैछन्, त्यो अन्य देशसंगको मामिलामा चल्ने छैन । अर्थात्, यसमा प्रत्यक्ष संलग्न पक्षले, सबै नेपालीको ठेक्का नलिईकन, केवल कम्युनिस्ट सरकार प्रमुख र निजको नेकपाले यो जानीजानी गरिएको कूटनीतिक गल्तिको जिम्मा लिनैपर्छ, उम्कन पाईंदैन । एउटा दलको व्यक्तिले गरेको गल्ति र पछि जिम्मा नलिई लुक्ने तथा अरूलाई उल्टै उल्लू बनाउने कम्युनिस्टका आपराधिक चालको क्षति भर्पाई अन्य दल तथा मधेशी जनताले गर्न सक्दैनन् । कम्तिमा दुईटा कुरा यहाँ उल्लेख गर्नैपर्छ । पहिलो, देशमा साईबर कानून यो ओली सरकार स्वयंले ल्याईसकेपछि र आमपब्लिक तथा मिडिया हाउसहरूलाई धम्क्याउन भ्याईसकेकोले अब स्वयंको कार्यालयबाट यस्तो गल्ति बाहिर आएकोले सबैले देख्ने-बुझ्ने गरि दण्डित गरियोस् (चाहे त्यो व्यक्तिको रूपमा स्वयं केपी ओली नै किन न होउन् ? यदि प्रमको रूपमा गरेका भए आधिकारिक धारणा कम्युनिस्ट सरकार र नेकपाको भारतीय सरकार र बीजेपीप्रति तत्काल सार्वजनीक गरून् !) । र, लोकतन्त्रमा पावर एक्सर्साईज जिम्मेवारीसहित हुन्छ र कानून सबैको लागि बराबर हुन्छ भन्ने कुरो सावित गर्न आमपब्लिकका तर्फबाट चुनौतीको रूपमा यसलाई लेओस् । दोस्रो, नेपालको संविधान २०७२ घोषणा गरिने बेलामा भारत सरकारको तर्फबाट विदेश सचिव एस. जयशंकर विशेष दूतको रूपमा संविधानलाई सर्वस्विकार्य बनाउन केही दिन पर्खेरभएपनि मधेशीलाई अपनत्व लिन दिएर धर्मको विषयमा राम्ररी सोचविचार गरेर पारित गरियोस् भन्दा नेपालका यिनै केपी ओलीलगायतका अन्य नेताहरूले 'नेपालको आन्तरीक मामिलामा हस्तक्षेप' देख्नेहरूले आज स्वयंको ट्वीट्टर ह्याण्डलबाट र नेपालका प्रमुख दैनिक पत्रिकाहरूमा त्यहाँका सिएए र एनआरसी कानूनबारे समाचारको विषय बनाउंदा त्यो 'भारतीय आन्तरीक मामिलामा हस्तक्षेप हुने कि नहुने' ? कि भारतको विरोध गरेर चीनलाई बलियो बनाउंदा नेपाली २४ क्यारेटको विशुद्ध राष्ट्रियता ठहरिनेछ ? नेपाल जत्रो देशले भारतलाई यसरी कूटनीतिक ठक्कर दिनुमा चीनबाहेक कस्ले हिम्मत र सहयोग गऱ्यो ? आजको जमानामा गैरजिम्मेवारपूर्ण 'मोही माग्ने तर ढुङग्रो लुकाउने पहाडी वामपन्थी राष्ट्रियता' चल्दैन ! नेपालमा भ्रम भारतका सिएए तथा एनआरसी कानुनाबारे एउटा साजिश अन्तर्गत नै भारतीय सरकारलाई अप्ठ्यारो पार्न घेर्न रणनीति बनाइएको जस्तो यो स्तम्भकारलाई लागेकोले थोरैमात्र यसबारे चर्चा यहाँ गर्न चाहन्छ ।

एनआरसी सर्टिफिकेट खासगरि आफू भारतीय नागरिक रहेको नाम र सो सम्बन्धि सूचनाहरू संलग्न कागजात सरकारको घरमा एकप्रति रहेको अद्यावधिक गरिने कार्य हो । सन् १९४७ मा भारत-पाकिस्तान विभाजनका बेला पूर्वी पाकिस्तान अर्थात्, बंगलादेशी धेरै नागरिकले भारतको असममा गएर बसे भने सन् १९७१ को युद्धमा झन थप करिब १० लाख बंगलादेशी असममा बसे र त्यहाँका स्थानीयको चीयाबगानको रोजगारलगायत संस्कृति आदि माथि प्रत्यक्ष असर पऱ्यो । सन् १९५१ मै एनआरसीको आधार त्यहाँका आन्दोलनरत्त अल असम स्टुडेन्ट युनियन (आसु) र अल असम गण संग्राम परिषद्ले केन्द्र सरकारसंग तयार गरेपनि सन् १९७१ मा झन थपियो र, तत्कालीन प्रधानमन्त्री राजीव गान्धिले १५ अगस्त सन् १९८५ मा असम सम्झौता गरे जस अनुसार २५ मार्च सन् १९७१ पछि असममा बस्दै आएका गैरभारतीयलाई विदेशी मान्ने र फर्काउने, सन् १९५१ देखी १९६१ बीच आएकालाई नागरिकता र मताधिकार दुवै दिने, १९६१ र १९७१ बीच आएकालाई नागरिकता मात्र दिने तथा सन् १९६६ देखि १९७१ बीच भारत आएकालाई मतदाता सूचीबाट नाम हटाउने सहमति गरे । अर्थात्, सन् २०१९ मा आएर बीजेपीको मोदी सरकारले कंग्रेसकै प्रम राजीव गान्धिले गर्नुभएको सहमति लागूगर्दा हाल भारतमा विपक्षमा रहेका केवल सोनिया गान्धि नेतृत्वको कंग्रेस आई नभई बीजेपी तथा मोदी-शाह-योगीको त्रासले राजनीतिमा हायलकायल भएका त्रीनमूल कंग्रेसकी ममता बनर्जी, आरजेडीका लालू यादब, समाजवादी पार्टीका अखिलेश यादब, सबै त्यहाँका भोटमा बढारिएर सोत्तर पारिएका कम्युनिष्टहरूलगायत बाटामा ओर्लेका छन्, न्यूनत्तम राजनीतिको शर्त मोरालिटि समेत बिर्सेर किनकि यो सम्झौता उनीहरूकै हो जसलाई लागूमात्र हाल गर्न खोजिएको छ । यसलाई लागू गर्नैपर्ने जरूरी भारतमा पाकिस्तान वा बंगलादेश वा नेपाललगायत खुला सिमाना जोडिएका देशबाट ती देशका नागरिकहरू पहिचान लुकाई भारतमा पसेर भारत, भारतीय सुरक्षा तथा भारतीय नागरिकविरूद्ध गरिने आतंकी हमलाहरू छन् । ती अवैध ठहरिएका नागरिकहरू आजसम्मपनि मतदाता सूचीबाट नाम हटाएका छैनन् भने बीजेपीको अध्ययनमा गैर नागरिकको भोटबाट विपक्षहरू त्यहाँ केवल भोटब्यांकको राजनीतिमा लागेर आजसम्म राज्य र केन्द्रमा सरकार बनाउदै धर्मनिरपेक्षता तथा अधिकार दिने नाउंमा भारतविरूद्ध नै निर्णयहरू समेत गर्न पछि परेका छैनन् ! यसलाई कानूनी मान्यता दिई केहि महिना अघिदेखि नै असम राज्यबाट लागू गरिएको छ जसमा जेन्यून नागरिकको नाम छुटेकालाई आवश्यक कागजात बुझाउने म्याद दिईएको थियो जसमा विपक्षले नसघाउने रे अर्थात्, बीजेपी सरकारको दाबी अनुसार विपक्षीले देशको सुरक्षामा सम्झौता गरेको पोल खुल्छ भने हाल बाटामा महिनौं लागू गरिएको एनआरसीलाई सरकारले भर्खर केहि दिन अघि ल्याएको सिएएसंग जोडेर एकैसाथ जनतामा भ्रम छर्न कोशिस गर्दैछन् भने गत पौष ७ गते सोमबारदेखि कंग्रेस आईले दिल्लीको राजघाटस्थित महात्मा गान्धिको समाधिस्थलबाट यी कानूनहरू फिर्ता नहुन्जेल 'सत्याग्रह' गर्ने झल्को संविधानको प्रस्तावना पढ्दै तर आफ्नै प्रम स्व. गान्धिका कार्यबारे नबोल्दै जनतामा भ्रम छर्दै गरिरहेका छन् ।

सिएए कानूनपनि अटल विहारी वाजपेयी प्रम रहेका बेला कंग्रेसबाट धेरैपटक मन्त्री र प्रम भईसकेका मनमोहन सिंहले राज्यसभामा स्वयं बंगलादेशबाट मुस्लिम बाहुल्य जनताबाट प्रताडितभएर भारत पसेकालाई नागरिकता दिनुपर्छ भनी सो बेला बीजेपी हिन्दूहरूको पार्टी हो भन्नेलाई चिर्दै 'हिन्दू भोटमा हक लगाउदै माग' गरेका विडियो हेर्न पाईन्छ भने भारतका टिभिहरूमै पनि डिस्प्ले गरिसकियो ! अर्थात्, स्वयंले माग गरेकोमा पनि आज सिएए पाकिस्तान, अफगानिस्तान र बंगलादेशबाट प्रताडितभएर ३१ दिसेम्बर सन् २०१४ भित्र भारतमा शरण लिन आएका हिन्दू, फारसी, जैन, शिख, बौद्ध र ईसाईलाई मानवीयताको आधारमा नागरिकता दिईने छ भनी प्रचण्ड बहुमतले लोक र राज्यसभाबाट मोदी सरकारले पारित गरेको छ । यसमा मुस्लिमलाई शरणार्थी नमानिने तर्क गृहमन्त्री अमित शाहले संसदमा दिए किनकि ती मुस्लिम बाहुल्य देशहरूमा धर्मको नाममा को अर्को मुस्लिमले र किन प्रताडित गर्नेछन् ? तसर्थ, ती देशका सन् १९४७ देखि आजसम्म सो बेलाका ठूलो हिन्दू जनसंख्या आज झण्डै सकिसकेको अवस्थाले पनि गैरमुस्लिमहरूमात्र प्रताडितभएको भारतीय सरकारको निश्कर्ष छ जबकि भारतका विपक्षका भोट ब्यांक हिन्दूमा त त्यतिकै बिजेपी र एनडिए भैहाल्यो भने मुस्लिम वोटरपनि आपसमै धेरै पार्टीमा विभाजितरहेका र मुस्लिमलाई बीजेपी सरकारले वैधानिक डाटा, बहुमत आदिले कानून नै बनाएर भारतमा नागरिकता नदिने बताएकाले बिगतमा आजका कंग्रेस नेतृत्वको युपीए विपक्षले धर्मनिरपेक्षताको नाममा हिन्दूत्व र भारतको नक्सा नै मेट्न भारतका दुश्मन देशहरूसंग हाथ मिलाएको भनी छर्लङ्गभएको बीजेपीको तर्क छ । आज विपक्षीले वास्तवमा बीजेपी सरकारलाई केवल हिन्दूको पक्षलिएको भन्न मिल्दैन किनकि धेरै धर्मावलम्बी प्रताडितलाई सिएए अन्तर्गत नागरिकता दिने पारित गरेको छ अर्थात्, भारतमा धर्मनिरपेक्षताको ठेकेदार त्यहाँका विपक्षी कंग्रेस र वामपन्थिहरूमात्र होइनन् र उनीहरू देशभक्तपनि रहेको देखिंदैनन् । त्यसैले राजनीति नै समाप्त हुनलागेकोले जीवन-मरणको सवाल बनाएर उनीहरू 'सत्याग्रह'मा उत्रेका छन् जबकि सत्य के हो भने उनीहरू आजाद भारतको ७० सालसम्म गरिब, किसान कसैको पनि सेवा नगरेर केवल नेताहरू आ-आफ्ना र परिवारका भ्रष्टाचारमार्फत् सेवा गरेका छन् जसकारणले लालु यादब, ओमप्रकाश चौटाला, कंग्रेसका पूर्वअर्थ र गृहमन्त्री पी. चिदम्बरम् लगायत धेरैहरू प्रवर्द्धन निर्देशनालय (ईडी)लगायतका भ्रष्टाचार नियन्त्रण निकायको राडारमा अदालत र थुनुवा कक्ष धाउदै छन् !

अन्त्यमा, भारतले जे जति कारणले माथिका दुई कानूनहरू ल्याए त्यसमा नेपालबाट भारतविरोधी ताकत भारत पस्ने गरेको र गैरस्थानीय वा भनौं अपरिचित मुसलमानको संख्या नेपालको बोर्डर, उत्तरप्रदेश, विहार, बंगालमा बढीरहेको हो भनी त्यहाँका आम विद्यार्थीले समेत टिभि शोहरूमा हाकाहाकी बोलिरहेका छन् । नेपालका चीन वा रकममुखी राजनैतिक तथा कूटनैतिक अडान नभएका कुनैपनि दलका प्राय: कोही नेताबाट भारतको सुरक्षा मामिलामा कम्तिमा सत्ता र विपक्ष कुनैपनि संतुष्ट छैनन् जस्तै सन् २००६ मा आरोप लगाईदै अनुसार भारतविरूद्ध चीनलाई सार्कमा सदस्या दिलाउने राजा ज्ञानेन्द्र समाप्त भए भने पछिल्लोपटक नेपालमा संविधान जारि हुँदा भारतीय विशेष दूतलाई अपमानित गरि वर्तमान बीजेपी-मोदी सरकारलाई दु:खित् तुल्याईयो ! कोहि नेपालबाट कुतर्क र विना प्रमाण भारतलाई टुक्र्याउन 'ग्रेटर नेपाल' अभियान चलाउंछ जसमा नेपालीभाषी दार्जिलिङ्ग, खर्स्याङ्गलाई बलजफ्ति आन्दोलनमा आउ र उता भारतबाट टुक्र्याउन सहयोग गर भन्छ भने कति यहाँका नागरिक र नेतामा नै भारतविरोधी तत्व नेपालबाट सउदी अरब वा भारतमै बकाईदा दूतावासमार्फत् नै पस्दापनि नबोलेर सहयोग गरेको भारतीय सञ्चारमाध्यमहरूमा नाम तोकेरै प्रसारण हुन्छ । वास्तवमा नेपालले पञ्चशीलको सिद्धान्तमा रहेर आफ्नो भूमीको पूर्ण रक्षा गर्दै अन्य कुनैपनि देशको विरूद्ध लक्षित क्रियाकलाप गर्नुहुँदैन जसमा राजनैतिक नेतृत्वको शंकास्पद भूमिका बढी देखिन्छ भने मिडियाको आवरणमा भारतविरोधी केहीले प्रोटेक्ट गरेको देखिन्छ । यसर्थ, नेतृत्वको असक्षमता, राजनीतिक बेईमानी, एक छिमेकी चीनतिर बढी ढल्काव र अर्को छिमेकी भारततिर बढी द्वेषपाल्ने र देशको भविष्यको पर्वाह नै नगरिकन गैरजिम्मेवार हर्कत तथा टिप्पणीहरू गरिहाल्ने वाणी र पञ्चशीलको नेपाली कूटनीतिक सिद्धान्तबाट विचलन नै आज हाम्रो डरलाग्दो भविष्य खडाभएको छ ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)*

## मधेश अपडेट

### "पर्यटकीय पूर्वाधार विकास प्रदेशको जिम्मेवारी"

जनकपुरधाम । मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले प्रदेशभित्र पर्यटकीय पूर्वाधार विकासको जिम्मेवारी प्रदेश सरकारको रहेको बताएका छन् । नेपाल भ्रमण वर्ष २०२० प्रदेश २ को जिल्ला स्तरीय समन्वय समिति भेलाको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले प्रदेशभित्र रहेको ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको पूर्वाधार विकासमा प्रदेश सरकार गम्भीर रहेको बताए । उनले विकास निर्माणको जिम्मा प्रदेश सरकारले लिने भए पनि प्रचार प्रसार लगायतको क्षेत्रमा सक्रिय भूमिका समन्वय समितिका पदाधिकारीहरूलाई लिन आग्रह गरे । उनले भने, ' प्रदेशमा जानकी मन्दिरसहित हिन्दू, इस्लाम, बौद्ध, जैन र शिख धर्मावलम्बीहरूका पनि थुप्रै धार्मिक स्थलहरू छन्, त्यसको प्रचार प्रसार हामीले गर्नु पर्दछ । त्यती मात्र गर्न सकिए पर्यटनको क्षेत्रमा हामी ठूलो फड्को मार्छौं ।'

### पर्यटकको उपचार नि:शुल्क

वीरगन्ज । वीरगन्जमा रहेको वीरगन्ज हेल्थ केयर हस्पिटलले नेपाल भ्रमण वर्ष २०२० मा नेपाल घुम्न आउने पर्यटक बिरामी परे नि:शुल्क औषधोपचार गरिदिने घोषणा गरेको छ । नेपाल भ्रमण वर्षको पूर्वसन्ध्यामा मंगलबार अस्पतालमै पत्रकार सम्मेलन गरेर अस्पतालले भ्रमण वर्षमा नेपाल घुम्न आउने पर्यटक कुनै कारणले बिरामी परे उनीहरूको नि:शुल्क औषधोपचार गरिदिने जानकारी गराएको हो । अस्पतालका अध्यक्ष डाक्टर अबुल हैस अन्सारीले नेपाल सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएर घोषणा गरेको भ्रमण वर्षलाई प्रदेश २ मा पनि सफल पार्न अस्पतालले पर्यटकको नि:शुल्क औषधोपचार गरिदिने योजना ल्याएको जानकारी गराए । भ्रमण वर्ष २०२० भरि पर्यटक भिसामा नेपाल घुम्न आउने विदेशी पर्यटकको आकस्मिक उपचार खर्च सबै नि:शुल्क गरिने जानकारी डाक्टर अन्सारीले दिए ।

### चिसोका कारण जनजीवन प्रभावित

नेपालगञ्ज । केही दिनदेखि सुरू भएको शीतलहर तथा चिसोका कारण बाँके जिल्लाको जनजीवन अस्तव्यस्त बनेपछि सोबाट विपन्न र सर्वसाधारणलाई जोगाउन नागरिक समाजद्धारा स्थानीय प्रशासनको ध्यानाकर्षण गराइएको छ । चिसोबाट जिल्लको जनजीवन अत्यधिक प्रभावित भएपछि नागरिक समाजको दायित्व भन्दै स्थानीय अगुवाले सोबाट जोगाउन जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएका छन् । सर्वसाधारणको जीवनरक्षाका लागि बाँकेका सामाजिक अगुवाहरूको एक समूहले स्थानीय प्रशासन तथा विपद् समितिको ध्यानाकर्षण गराएको सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगञ्जका अध्यक्ष विश्वजित तिरूवाले बताए ।

### भ्रमण बर्ष २०२० शुभारम्भ

कैलाली । सुदूरपश्चिम प्रदेश भ्रमण बर्ष २०२० धनगढीबाट शुभारम्भ भएको छ । प्रदेशका विभिन्न स्थानीय निकायहरूले पनि छुट्टाछुट्टै रूपमा भ्रमण बर्षको शुभारम्भ गरेका छन् । धनगढीको संघीय प्रहरी एकाइ कार्यालय धनगढीको मैदानमा नेपाल भ्रमण वर्ष २०२० को मुख्य समारोह गरिएको थियो । मुख्य समारोह अघि प्रदेशका नौ वटै जिल्लाको लोकसंस्कृति झल्किने झाँकी र सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । त्यसअघि धनगढीको ट्राफिक चौराहबाट ऱ्याली समेत निकालिएको थियो ।

### युवाहरूद्वारा रक्तदान अभियान

बुटवल । बिरामीलाई रगतको अभाव हुन नदिन मदन भण्डारी स्पोर्ट्स् एकेडेमीको खेलाडी तथा युवाहरूले रक्तादान अभियान चलाएका छन् । एकेडेमीको एघारौं स्थापना दिवसको सन्दर्भ उपाध्यक्ष ध्रुव आचार्यले समाजसेवा र कल्याणकारी कामका लागि एकेडेमीले यस्तो अभियान चलाएको बताए । उनले देशभरि यस्तो अभियान चलाउने जानकारी पनि दिए । एकेडेमी रूपन्देहीका जिल्ला अध्यक्ष कृष्ण देवकोटाका अनुसार, यस्तो अभियान अन्तर्गत शनिबार रूपन्देहीका विभिन्न स्थानमा युवा तथा खेलाडीले रक्तदान गरेका थिए । जसअन्तर्गत एकेडेमी बुटवल उपमहानगर कमिटीले आयोजना गरेको कार्यक्रममा चार महिलासहित ४० जनाले रक्तदान गरे ।

### "महाधिवेशन हुने भरपर्दो आधार छैन"

विराटनर । नेपाली काँग्रेसका केद्रीय सदस्य डा. शेखर कोइरालाले निर्धारित मितिमा काँग्रेसको महाधिवेशन हुनेमा आशङ्क व्यक्त गरेका छन् । केन्द्रीय समितिको बैठकले २०७७ फागुनमा महाधिवेशन गर्ने निर्णय गरे पनि वडादेखि प्रदेशसम्मको अधिवेशन गर्ने समय सीमाले त्यस्तो सम्भावना नदेखेको उनको भनाइ छ । केन्द्रीय कार्यसमितिको बैठकले २०७७ मङ्सिर महिना भरिमा वडादेखि प्रदेश तहसम्मको महधिवेशन गरि सक्ने निर्णय गरेको पनि उनले जानकारी दिए । विराटनगरस्थित कोइराला निवासमा सञ्चारकर्मीसँग कुरा गर्दै एक महिनाको अवधिमा वडा, जिल्ला र प्रदेशको अधिवेशन सम्पन्न गर्न सकिँदैन जसको असर फागुनमा गर्ने महाधिवेशनमा पनि पर्ने उनको धारणा थियो । त्यसैले केन्द्रीय समितिले २०७७ फागुनमा महाधिवेशन गर्ने निर्णय गरेपनि भरपर्दो आधार देखिएको छैन उनले भने ।

### नयाँ प्रजातिका चरा फेला

धनगढी । जैविक विविधताले महत्वपूर्ण कैलालीको घोडाघोडी सिमसार क्षेत्रमा नयाँ प्रजातिका चरा थपिएका छन् । हिउँदमा चरा गणना गर्दा सात नयाँ प्रजातिका चरा फेला परेका हुन् । यो सँगै घोडाघोडी सिमसार क्षेत्रमा पाइने चरा प्रजातिको सङ्ख्या ३०८ पुगेको छ । यस अघि गणना गर्दा ३०१ प्रजाति चरा रहेको अभिलेख गरिएको थियो । हिउँदमा गरिएको गणनाको क्रम नयाँ प्रजातिमा धोबिनी खन्जरी, सेतोकनठे, खन्जरी, उमा चाँचर, कालो चिउँडे वन भ्याकुर, नेपाल बङ्गे चरा, पहेँलो मारूनी चरा र कटुसकन्ठे सरौं नयाँ प्रजातिका रूपमा फेला परेको चरा विज्ञ हुरूलाल डङ्गौराले जानकारी दिए ।

### बैंकहरूसँग मुख्यमन्त्रीको छलफल

बुटवल । प्रदेश ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले प्रदेश सरकारले किसानलाई शून्य प्रतिशत ब्याजदरमा कर्जा प्रदान गर्न बैङ्कहरूसँग परामर्श गरिरहेको बताएका छन् । उनले प्रदेशमा कृषि अनुदान दुरूपयोग भएको भन्ने कुरातर्फ सङ्केत गर्दै त्यस्तो भए अनुदान दुरूपयोग गर्नेमाथि कारबाही गर्ने धारणा राखे । नेपाल डेरी एसोसिएसनको २१ औं केन्द्रीय साधारण सभाको बुटवलमा उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले वितरण गरेको अनुदान चार महिना भित्रमा सम्झौता अनुसार काम नभएको भए अनुदान फिर्ता गर्नेसमेत बताए ।

### विद्यार्थीलाई न्यानो कपडा वितरण

नेपालगञ्ज । नेपालगञ्जका एक समाजसेवीले बर्दियाको बढैयाताल गाउँपालिकाका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेका छन् । श्री भवानी माध्यमिक विद्यालयका ३५ जना बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाइ न्यानो कपडा र खेलकुद सामाग्री वितरण गरेका छन् । नेपालगञ्ज स्थित रामदुत स्टेशनरीका सञ्चालक समाजसेवी नरेशकुमार अग्रवालले ३५ थान ज्याकेट र खेलकुद सामाग्री गरी करिब पचास हजार रूपियाँको सहयोग गरेका हुन् । बौद्धिक अपाङ्गता भएका बालबालिकालाई सहयोग गरिएको समाजसेवी अग्रवालले बताए ।

### वडाध्यक्षद्वारा कम्बल वितरण

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं. १ का वडा अध्यक्ष सुदिप पौडेलको अध्यक्षतामा गरिब, असहाय तथा विपन्न बृद्धबृद्धाहरूलाई जाडोबाट बच्नका लागि १०१ जनालाई कम्बल वितरण गरिएको छ । केही दिनदेखि घामको मुख देख्न नपाएको र अत्याधिक चिसोले असहाय तथा विपन्न बृद्धबृद्धाहरूको जीवनयापन नै गाह्रो भएकाले अरू त केही गर्न नसके कमसेकम कम्बल वितरण गरेर केही सहयोग गर्न पाएकोमा वडा अध्यक्ष पौडेलले खुशी व्यक्त गर्दै आगामी दिनमा अझै धेरै गर्ने आश्वासन समेत दिए । कार्यक्रममा कपिलवस्तु नगर प्रमुख किरण सिंहको प्रमुख आतिथ्यता तथा वडा सदस्यहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
मटिहानी नगरपालिका
महोत्तरी

सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

मलहम

-डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# दम्म रोग र मधेशमा बढ्दो चिसो

जाडो बढ्दै गएको छ र मधेशमा जाडोकै कारण मर्नेहरूको संख्या बढ्न थालेको छ। प्राय: सबै बर्ष यस्तै हुने गर्दछ। जाडोले मान्छेहरू मर्ने अनेकौं कारणहरू हनसक्दछ तर यसको बारेमा कसैले खोजी गरेको पाइदैन। केवल गरीवहरू लुगाफाटाको अभावले मरे भन्ने बुझाई सबैले बनाउँदछ। तर के त्यो मात्र होला र ? चिसोको कारण हुने वा बढ्ने रोगहरूले पनि मृत्युहरू भएको पनि हुन सक्ने सम्भावना पनि त रहन्छ। चिसोको कारण धेरैलाई सताउने रोगहरू मध्येको एउटा रोगको नाम हो दम्माा वा दम्मामा। साथै जाडोमा हृदयघातका कारण मृत्यु हनसक्ने सम्भावा पनि अत्याधिक हुने बिशेषज्ञहरू बताउँछन्। यहाँ दम्मा रोग बारे केही जनचेतनामुलक चर्चा गर्दछु।

आस्थमालाई चलनचल्तीको भाषामा दम्मा रोग भनेर चिनिन्छ। यही दम्मा रोगलाई तराई मधेशमा दम्मामा रोग भन्ने चलन छ। विश्व आस्थमा दिवस (मे महिनाको २ तारिख) त गर्मी महिना पर्छ तर दम्मा रोगीलाई पीडा बढ्ने भनेको जाडोमा हो। सरकार दम्माको बिषयमा कार्यक्रम गर्दछ गर्मी मौसममा तर दम्माले दम्मा रोगीहरूलाई पिडित बनाएको छ जाडो मौसममा। जाडो वा चिसो दम्मामा रोगको प्रत्यक्ष कारण होइन तर जाडो वा चिसोले दम्मामा बढ्छ र रोगीको मृत्यु पनि हुनसक्छ।

**के हो दम्मा ?**

श्वास प्रश्वाससित सम्बन्धित एउटा रोगको नाम हो दम्मामा। वातावरणीय प्रदुषण, धुवाँ धुलो, चिसो तथा फूल फूल्ने मौसममा फूलको परागको कणबाट हुने विभिन्न एलर्जीका कारण जुनसुकै उमेर समूहका मानिसलाई दम्मामा हुन सक्दछ। माथि भनिएका कारणहरू सँग कसैलाई एलर्जी छ र त्यही एलर्जीवाला वातावरणमा व्यक्ति लामो समयसम्म बस्दछ भने त्यस्तो व्यक्तिलाई बढी मात्रामा दम्मामा हुने गर्दछ।

चुरोट खाने र धुवाँमा बस्ने कारणले हुने दम्माखोकीलाई सी.ओ.पी.डी.भनिन्छ यसले पनि चिसो मौसमामा दुख दिन्छ। दम्मामा रोगमा श्वास प्रश्वासका कोषिकाहरूले एक प्रकारको इन्जाइम (जैव रसायन) उत्पादन गर्दछ, जसले फोक्सोको मांसपेशीहरूलाई खुम्च्याई श्वास प्रश्वास नलीमा व्यवधान उत्पन्न गराउँछ र मानिसलाई श्वास फेर्नमा अप्ठेरो महसुस भई खोकी लाग्ने, स्वाँस्वाँ हुने, छाती कस्सिने लगायतका लक्षण हुने गर्दछन्।

**दम्मा किन हुन्छ ?**

छाती रोग बिशेषज्ञ प्रा. डा. कविरनाथ योगीका अनुसार दम्मा (आस्थमा) रोग बिभिन्न कारणले लाग्ने गर्दछ। तिमध्ये केही प्रमुख कारणहरू यस्ता रहेका छन् :

१) वंशाणुगत आस्थमा: विशेषगरी ३० र ३५ वर्ष उमेर समूहका मानिसमा प्राय: देखिने यस्ता आस्थमा वंशजका कारण हुने गर्दछ।यस्तो प्रकारको पूर्ण निको पार्न कठिन हुने गर्छ। यो रोग उमेर ढल्कदो उमेरसँगै बढेर जान्छ।

२) वातावरणीय प्रदुषण: कयौं मानिसहरूलाई वायु प्रदुषणका कारणले एलर्जी र पछि आस्थमा हुने गर्दछ। यस्तो आस्थमा केटा केटी र बयस्कहरूमा हुने गर्दछ। धुलो, धुवाँ, प्रदुषणका कारण उत्पन्न हुने एलर्जीको समयमै उपचार नगरेको खण्डमा त्यसले स्वाँस्वाँ सहितको दम्मा, खोकी निम्त्याउने गर्दछ र दम्मामा हुने गर्दछ।

३.मौसमी परिवर्तन: कयौं मानिसहरूमा मौसमी परिवर्तनका कारण पनि आस्थमा हुने गर्दछ। यस्ता एलर्जी विशेषगरी फागुन, चैत तथा असोज, कात्तिक महिनामा अर्थात् फूल फूल्ने मौसममा बढी देखा पर्ने गर्दछ। विशेषगरी फूल फूल्ने मौसममा फूलको परागको कणका कारण मानिसलाई एलर्जी हुने गर्दछ। जसले दम्मा बढाउँछ।

४. पेशागत: मिल, मैदा उद्योग, कपडा उद्योग, सिमेन्ट उद्योग, बाटोघाटोमा काम गर्ने व्यक्तिहरूमा पनि आस्थमाको जस्तै समस्या देखिने गर्दछ। काम गर्ने क्रममा धुलो धुँवा उड्ने र श्वास फेर्नेबेला नाक मुखबाट फोक्सोसम्म धुलो गएर दम्मा हुन्छ।

५. मुटु रोगले हुने दम्मामा र मुटु रोगीलाई सोही कारणले दम्मा खोकी भएमा पनि आस्थमाका जस्तै लक्षण हुने गर्दछ।

यस अर्थमा सबै दम्मा खोकी आस्थमा नहुन पनि सक्दछन्। सी.ओ.पी.डी., टि.बी. अर्थात क्षयरोग, निमोनिया भएका विरामीहरूमा पनि दम्मा तथा खोकीको समस्या देखा पर्ने गर्छ। तर ती आस्थमा होइनन्। आस्थमा नभए पनि यी रोगहरू पनि चिसो बृद्धिसँगै बढ्दछ र दुख दिन्छ साथै मृत्यु पनि निमत्याउँछ।

**दम्मा लागेको कसरी थाहा पाउने ?**

सामान्यतया: वायु प्रदुषण तथा एलर्जीका कारण हुने आस्थमा उपचारबाट निको पार्न सकिन्छ। तर खोकी लाग्दालाग्दै पनि त्यसको उपचारै नगरी, स्वाँस्वाँ हुने, छाती कराउने अवस्थाको सिर्जना भएमा क्रोनिक आस्थमा हुने गर्दछ। बच्चाहरूमा भाइरल संक्रमणका कारण ब्रोनकाइटिस भएमा पनि आस्थमा जस्तै लक्षण हुने गर्दछन्। हाछ्यूँ आउने, घाँटी खसखसाउने, नाक, कान, घाँटी चिलाउने, नाक बन्द हुने, पानी जस्तो पातलो सिगान बग्ने, खोकी लाग्ने, स्वाँस्वाँ हुने, सास फेर्न कठिनाई हुने, छाती कसिने दम्मामाको प्रमुख लक्षण हुन्।

**उपचार विधि**

यदि कसैलाई वायु प्रदुषण, मौसमी परिवर्तन लगायतका बाह्य कारणले आस्थमा भएको देखिएमा सो मौसममा नियमित औषधि सेवन तथा निरन्तरको उपचारबाट यो रोग पूर्णरूपमा निको पार्न सकिन्छ। तर यदि उक्त व्यक्तिलाई वशांणुगत कारणले आस्थमा भएको छ भने चाहिँ त्यो पूर्णरूपमा निको नहुन पनि सक्दछ।

**कसरी जोगिने ?**

दम्मा रोग श्वासप्रस्वाससँग सम्बन्धित भएकाले सावधानीका उपाय पनि यसैसँग सम्बन्धित छन्। यसका साथै चिसोबाट जोगिनुपर्दछ। जाडो समयमा दम्मा रोगले झन् च्याप्छ।

- घर वा कोठालाई न्यानो पार्ने, न्यानो लुगा लगाउने गर्नुपर्दछ।
- फ्रिजमा राखिएका चिसो खानेकुरा पनि खानु हुँदैन।
- धुवाँ, धुलोलगायतका वातावरणीय प्रदुषणबाट जोगिनु पर्दछ .
- आगो नजिक बस्दा पनि घुवाँ र कणहरू फोक्सोमा प्रवेश गर्नेहुन्छ, त्यसका लागि गुणस्तरीय मास्कको प्रयोग गर्नुपर्दछ।
- भुत्ला वा रौं भएका पशुपंक्षीबाट टाढै बस्नुपर्दछ।
- परालमा सुत्दा पनि त्यहाँबाट पनि कणहरू फोक्सोमा जानसक्ने हुन्छ, त्यसमा सावधान रहनुपर्दछ।
- हाछ्युँ आउने, नाक, घाँटी खसखसाउने समस्या छ भने एलर्जी भएको हुनसक्छ। त्यसबाट जोगिने उपाय गर्नुपर्छ।

यी कुराहरूबाट सकेसम्म दम्मा लागेको व्यक्ति जाडोमा धेरै नै सावधान रहनुपर्दछ। अन्यथा दम्माले जन्या पनि लिनसक्छ। सायद अन्जानमै धेरै मधेशीहरू बर्षेनी यस रोको व्यथाका कारण मृत्युको मुखमा पुग्दछ। यस बिषयमा सबैपक्षले चासो र चिन्तन गर्नु जरूरी छ।

## भारतीय पर्यटकलाई स्वागत

मकवानपुर। अँग्रेजी नयाँ वर्ष ईस्वी सम्वत् २०२० मनाउन भारतबाट आएका पर्यटकहरूलाई मकवानपुर जिल्लामा भव्य स्वागत गरिएको छ। नगरपालिकाले नयाँ वर्ष मनाउन आएका पर्यटकलाई पुष्पगुच्छा र खादासहित पर्यटकलाई स्वागत गरेको हो। पहिलो दिन थाहा नगरको सिमभन्ज्याङमा थाहा नगरका उपमेयर खड्ग गोपालीले भारतीय पर्यटकलाई स्वागत गरेका थिए। नयाँ वर्ष मनाउन आएका उनीहरूलाई यस क्षेत्रको गन्तव्य देखाउँदै नगरपालिकाले गरेको स्वागतबाट आफूहरू हर्षित भएको भारतीय पर्यटकहरूले प्रतिक्रिया दिएका छन्।

## कन्क्लेभमा पर्यटन विकास गर्ने प्रतिबद्धता

झापा। नेपाल, भारत, भुटान र बंगलादेशका व्यवसायी, पर्यटनकर्मीले चारदेशीय पर्यटन विकासमा लाग्ने प्रतिबद्धता जनाएका छन्। चारै देशका प्रतिनिधिले पर्यटनका लागि साझा हितको एउटा संस्था निर्माणमा जोड पनि दिएका छन्। भारतको सिलिगुडीमा सम्पन्न नर्थ बंगाल कन्क्लेभमा सहभागी चारै देशका प्रतिनिधिले पर्यटकीय पूर्वाधार विकास, गन्तव्य पहिचानमा साझा दृष्टिकोण बनाउनुपर्नेमा जोड दिएका हुन्। पश्चिम बंगालका पर्यटन मन्त्री गौतम देवले पर्यटकीय गन्तव्य पहिचान, प्रचार र विकासका लागि सबैको साझा प्रतिबद्धता आउनुपर्ने उल्लेख गरे।

## सीमामा रोकिएका ट्रक आउन थाले

विराटनगर। सीमावर्ती भारतीय क्षेत्रमा रोकिएका करिब दुई हजार ट्रक नेपाल प्रवेश गर्न थालेका छन्। विराटनगर भन्सार नाका नजिकै रहेको मिरगञ्ज पुल सञ्चालनमा आएपछि भारतमा रोकिएका करिब दुई हजार ट्रक नेपाल प्रवेश गर्न थालेका हुन्। विराटनगर भन्सार प्रवेशका लागि पार गर्नुपर्ने भारत बथनाहको मिरगञ्ज पुल नौं दिनपछि सञ्चालनमा आएपछि रोकिएका ट्रक आउन थालेको भन्सार कार्यालय विराटनगरका सूचना अधिकारी मनिराम पौडेलले जानकारी दिए। पुल मर्मतको लागि भन्दै भारतले डिसेम्बर १९ देखि मालबहाक सवारी साधन आवत जावतमा रोक लगाएको थियो। लामो समयपछि अवरोध खुलेकाले अहिले भारतबाट नेपालतर्फ आएका मालवाहक सवारी साधनको लामो लाइन लागेको छ।

## कलाकारद्वारा चित्रमार्फत सिकाइ साटासाट

काठमाडौं। नेपाल, भारत र बङ्गलादेशका चित्रकारहरूले एकै ठाउँमा बसेर अनुभव आदानप्रदान र सम्बन्ध विस्तार गरी चित्रमार्फत संस्कृति साटासाट गरेका छन्। काठमाडौंको नेपाल कला परिषदमा भेला भएका उनीहरूले प्रत्यक्ष चित्रकला कार्यशालामार्फत संस्कृतिको आदानप्रदान गरेका हुन्। भारतबाट सहभागी ११, बङ्गलादेशबाट १० र नेपालका पाँच कलाकारका ६० भन्दा बढी चित्र प्रदर्शनीका क्रममा उनीहरूले 'कला डेमोस्ट्रेसन' मार्फत एकअर्कामा सिकाइ हस्तान्तरण गरेका हुन्। अन्तर्राष्ट्रिय जलरङ समाज नेपालको संयोजनमा उक्त कार्यक्रम भएको थियो।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## सरकारले पहल गरिरहेको छः नेम्वाङ

काठमाडौं। सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीको संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले सीमा समस्या समाधानका लागि सरकारले पहल गरिरहेको बताएका छन्। उनले सरकारले नेपाल-भारतबीचको सीमा समस्या समाधानका लागि पहल गरेपछि नै भारतले वार्ताका लागि पत्र पठाएको बताएका हुन्। पूर्वदेखि पश्चिमसम्मका सबै सीमा विवादका बारेमा नेकपाको अविचलित अडान रहेको उनले बताए। रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलासँगको कुराकानीमा उनले यस्तो बताएका हुन्। जब लिम्पियाधुराको कुरा उठ्दा शेरबहादुर देउवादेखि सबै दलका नेताहरूको उपस्थिति थियो। सबैले एक ठाउँमा उभिएर सरकारलाई सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका थिए।' उनले भने। भारत वार्ता गर्न तयार देखिएको भन्ने प्रश्नको जवाफमा नेम्वाङले भने, 'सरकारले पहल गर्‍यो, त्यसैको जवाफ स्वरूप भारतले वार्ता गर्न तयार छौं भनेर पत्र पठाएको छ।'

## आधारभूत संरचना नहुँदा समस्या

रौतहट। खानेपानी तथा शौचालयको उचित व्यवस्था नहुँदा रौतहटका आधा दर्जन भन्दा बढी आधारभुत विद्यालयका शिक्षक तथा विद्यार्थी ठूलो समस्यामा परेका छन्। शौचालयको व्यवस्था गरिएका त्यस्ता विद्यालयमा समेत आधारभुत भौतिक संरचनाको संरक्षण र सरसफाई हुन सकेको छैन। जिल्लाको उत्तरी क्षेत्र चन्द्रपुर नगरपालिका ७ मा रहेको जनता आधारभुत विद्यालयमा शौचालय बनेको छ तर सरसफाई नभएको कारण त्यहाँका बालबालिका शौचका लागि नजिकैको खेतवारीमा जाने गर्छन्।

स्थानीय सम्वाद

# बराहक्षेत्र पर्यटनको दृष्टिकोणले भरिभराउ छ



नीलम खनाल

मेयर, बराहक्षेत्र नगरपालिका, सुनसरी



**० बराहक्षेत्र नगरपालिकामा निर्वाचित भएको साढे दुई वर्षभन्दा बढी समय भइसक्यो। जताले महसुस गर्ने के-के कामहरू गर्नुभयो त ?**

– बराहक्षेत्र नगरपालिका कान्छो नगरपालिका हो। निर्वाचनका बेला हामीले दुई/तीनटा कुराको प्रतिबद्धता जनाएका थियौं। हामीले शिक्षा, स्वास्थ्य, बाटोघाटोमा सुधार गर्छौं। हामीले गरेका प्रतिबद्धताहरू कतिको पूरा भयो भन्ने कुरा जनताले महसुस गरिरहेका छन्। हाम्रो नगरपालिकाका सबै बाटोघाटो निर्माण भइसकेका छन्। त्यसपति नगर अस्पताल बनाएका छौं, जुन सुचारू भइसकेको छ। यसैगरी, दुईवटा अस्पतालहरू बनाएका छौं। विद्यालयको शिक्षामा पनि व्यापक सुधार ल्याएका छौं। यी कामहरू जनताका अगाडि छन्। यसैगरी, हामीले युवा, महिला लक्षित कार्यक्रमहरू र आय तथा शीपमूलक कार्यक्रमहरू पनि गरिरहेका छौं।

**० जनताले स्थानीय सरकारको अनुभूति गरिरहेका छन् ?**

– जनताले त स्थानीय सरकारको अनुभूति गरिरहेका छन्। जनताका आकांक्षाअनुसार हामीले काम गरिरहेका छौं।

**० भनेपछि सिंहदरबार आएको छ ?**

– हिजो सिंहदरबारको अधिकार गाउँ-गाउँमा भनेका थियौं। तर, ऐन कानूनहरूको अभावले संविधानमा भएका कैयौं कुराहरू हामीले पाउन सकेका छैनौं। कतिपय हाम्रो काममा प्रदेश र संघीय सरकारले हस्तक्षेप गरिरहेको हुन्छ। यहाँ भूमिहीन जनताहरूको संख्या धेरै छन्। तिनीहरूलाई व्यवस्थापन गर्नका लागि हामीसँग ऐलानी जग्गा प्रशस्त छन्, तिनीहरूलाई ती जग्गाको मालिक बनाउने कि नबनाउने। तिनीहरू कसरी स्थापित गर्ने यी कुराहरूको अभाव छ।

**० तराई/मधेशमा शीतलहर चलिरहेको छ, अत्याधिक चिसो बढेको छ। त्यसबाट बच्न नगरपालिकाले के गरिरहेको छ ?**

– शीतलहरको कहरबाट बच्न हामीले टोल-टोलमा दाउराको व्यवस्था गरेका छौं। बालबालिका तथा वृद्धवृद्धाहरू बढी प्रभावित भइरहेका हुन्छन्। त्यसका लागि हाम्रो विपद् व्यवस्थापन समितिको बैठक बसेर असहाय, विपन्न वर्गहरूलाई कम्बल र न्यानो कपडा वितरण गर्ने कार्यक्रमहरू ल्याएका छौं।

**० न्यानोको अभावमा कसैको ज्यान जाने अवस्था छैन ?**

– हाम्रो नगरपालिकाभित्र न्यानो कपडा वा चिसोबाट ज्यान गुमाउनुपर्ने अवस्था छैन।

**० यस आर्थिक वर्षका महत्वाकांक्षी योजनाहरू के-के छन् ?**

– मुख्यगरी हामीले यस आर्थिक वर्षमा दुईटा कुरालाई महत्वाकांक्षी योजनाको रूपमा लिएका छौं। चक्रघट्टीदेखि चतराको बाटोलाई स्तरोन्नति गरी लाने। त्यसैगरी, नगरपालिका अगाडिदेखि लिएर रामधुनीको ४ र ६ नम्बर वडासम्मको जोड्ने। त्यसैगरी, धनपुरीदेखि कालाबन्जरसम्मको बाटो पिच गरेर लाने भनेका छौं। यस्तै, निर्माणाधीन अवस्थामा रहेका क्याम्पसहरू पूरा गर्ने महत्वाकांक्षा राखेका छौं। यसैगरी, अपाङको परिवारलाई सपाङसरह बाँच्नका निम्ति बीउ पुँजीमार्फत् दिइरहेका छौं। ती अपाङ भएका मान्छेहरूले सहकारीबाट लोन लिएर आयमूलक कामहरू गर्ने। त्यसैगरी एकल महिलाहरूका लागि पनि बाँच्नका लागि हामीले विभिन्न योजनाहरू ल्याएका छौं।

**० दुई दशकको अन्तरालपछि स्थानीय तहमा जनप्रतिनिधिरूप आउँदा जनताका अपेक्षा कस्तो पाउनुभयो ?**

– हामी निर्वाचित हुनुभन्दा पहिला यहाँ धेरै समस्याहरू थियो। बाटोघाटोको राम्रो व्यवस्था थिएन, स्वास्थ्यको क्षेत्रमा पनि केही भएको थिएन, शिक्षाको क्षेत्र त्यतिकै लथालिङ्ग थियो। दुई दशकपछि जनप्रतिनिधि आउँदा स्वाभाविकरूपमा जनतामा धेरै अपेक्षा देखियो। जनताका धेरै समस्याहरू थिए। तर, हामी निर्वाचित भएर आइसकेपछि जनताका ती अपेक्षाहरू पूरा गर्न सफल भयौं जस्तो लाग्छ। हामीसँग स्रोतसाधन कम छ, हामी निर्वाचित हुने बित्तिकै सबै कुरा एकैचोटि पूरा होस् भन्ने खालको अपेक्षा जनताको थियो। तर, हामीले विस्तारै सबै कुरा पूरा गर्न लागेका छौं।

**० नेपाल भ्रमण वर्ष-२०२० सुरू भएको छ। बराहक्षेत्रमा पर्यटकीय सम्भावनाहरू के-के छन् ?**

– सुनसरी जिल्लाकै सबभन्दा बढी पर्यटनको आकर्षणको केन्द्र बराहक्षेत्र नगरपालिका नै हो। बराहक्षेत्र आफैमा एउटा धार्मिक, ऐतिहासिक, पूरातात्विक चीजले भरिपूर्ण छ। यसका आसपासमा विभिन्न जातजाति, समुदायको भेषभूषा झल्किने खालको पाइन्छ। कोशी नदीको किनार भएकोले वन्यजन्तु आरक्षणको केन्द्र पनि यही छ। हाम्रो नारा नै छ कि 'धार्मिक पर्यटनको क्षेत्रमा बराहक्षेत्र नगरपालिका आह्वान गर्छ यहाँहरूलाई'।

**० पर्यटकलाई लोभ्याउने के-कस्ता कामहरू गर्नुभएको छ ?**

– बुधबारदेखि नेपाल भ्रमण वर्ष-२०२० सुरू भएको छ, प्रदेश सरकारले पनि भव्यरूपमा उद्घाटन गरेको छ। हामी पनि बराहक्षेत्रका विभिन्न वार्डहरूका विभिन्न संस्कृति, भेषभूष, भाषा, संस्कृति झल्किने कार्यक्रमहरू ल्याउँछौं। बराहक्षेत्रका ऐतिहासिक र पौराणिक चीजहरूलाई देशका हरेक कुनाकाप्चासम्म पुऱ्याउने हाम्रो उद्देश्य हो।

**० बराहक्षेत्रका मुख्य आकर्षण के हो ?**

– बराहक्षेत्रको माथि डाँडामा पहाडी भेग पनि छ, सूर्यकुण्डजस्ता ठाउँहरू पनि छन्। बराहक्षेत्र आफैमा ऐतिहासिक ठाउँ हो। बाह्य पर्यटक आउने ठाउँहरूमा पनि बोटहरू सञ्चालन भइरहेका छन्। हामीसँग वन्यजन्तु आरक्षण नजिकमा छ। विश्वबाट लोप भइरहेका अर्ना जस्तो जनावर पनि हेर्न पाइन्छ। विभिन्न पशुपंक्षी, चराचुरूङ्गीहरू हेर्न पाइन्छ। त्यसैगरी, अलिकति माथि जानुभयो भने जडिबुटी खेती भइरहेको देख्नुहुन्छ भने अलिकति तल झर्नुभयो भने माछामासु, दुधजन्य पदार्थहरूको उत्पादनमा लागिरहेको देख्नुहुन्छ। बराहक्षेत्रले मात्र तरूल काठमाडौंमा निर्यात गर्छ।

**० पर्यटकहरू आउँदा के लिएर जान्छन् ?**

– पर्यटकहरूलाई हामीले मुस्कान, भरपूर मनोरन्जन दिन्छौं। यहाँबाट पर्यटक जाँदा भरपूर आनन्द लिएर आयौं भन्ने महसुस गर्छन्।

## विश्व परिवेश

# अमेरिकालाई बेवास्ता गर्ने खेलको निरन्तरता

**- अल्लाबक्श**



मुम्बईमाथि सन् २००८ मा आतंकी आक्रमणको योजनाकार तथा संचालक एवं लश्कर-ए-तैयबा आतंकवादी संगठनका संस्थापक हफिज सईदको प्रशंसा, पाकिस्तानका एक पूर्व राष्ट्रपति तथा सेना प्रमुखले खुलेआम रूपमा गरेबाट पाकिस्तानले निजलाई स्वतन्त्र रूपमा राख्दै आउन नियोजित रहेको कुरा खुल्न आएको छ। अमेरिकाले पाकिस्तानको इस्लामवादबाट गरिने आतंकवादी गतिविधिहरूका लागि पाकिस्तानमाथि त्यसका लागि जुन दबाव दिएको छ त्यसले गर्दा अमेरिकाप्रति पाकिस्तानमा आक्रोश र घृणा नै व्याप्त रहेको छ भने अर्कोतिर अफगानिस्तान र भारत तथा भारतीय चासोको विरूद्ध पाकिस्तानले गर्दै आएको क्रियाकलापहरूप्रति विश्वव्यापी स्तरमा अमेरिकाको प्रत्यक्ष चासो रहेको पनि खुल्न आएको छ। पूर्व राष्ट्रपति परवेज मुशर्रफले खासगरीकन कश्मीरमा हफिज सईदद्वारा गरिएका काम-कारवाईहरूको सार्वजनिक रूपमा नै शुरूदेखि अन्तसम्म प्रशंसा गरेका थिए, यसबाट स्पष्ट हुन्छ कि पाकिस्तानले २००८ मा मुम्बई आक्रमणका संचालकलाई सईदलाई घरमा समेत नजरबन्द नगरी स्वतन्त्र छाडिदिएको छ। अमेरिकाले त्यस विरूद्ध कडा अभिव्यक्ति दिए पनि पाकिस्तानले उसविरूद्ध केही गर्ला भन्ने सम्बन्धमा आश्वस्त हुन सकिँदैन। किनकि 'फाइनान्सियल एक्शन टास्क फोर्स' ले अन्तर्राष्ट्रिय वित्तीय सम्बन्ध भएको र घोर घातक कामकारवाईहरू संचालित गर्दै आएको हफिज सईद विरूद्ध पाकिस्तानलाई चेतावनी दिएपछि मात्र पाकिस्तानले २०१७ को शुरूमा उसलाई नजरबन्द मात्र गरेको थियो। पाकिस्तानले सईदमाथि कहिले पनि कुनै अपराधका लागि दोषी नठानी बडो चलाखी साथ आन्तरिक आतंकवाद विरूद्ध कानुन अनुरूप हफिज सईदलाई घरमा मात्र नजरबन्द गरेको थियो। सईदलाई पाकिस्तानले स्वतन्त्र छाड्नुको वास्तविक कारणबारे यसबाट पनि महशुस गर्न सकिन्छ कि सन् २०१८ को निर्वाचनमा सईद र उससँगसम्बन्धित 'जमात-उद-दावा' आतंकवादी संगठन समेत सहभागी हुने चाहना राखेको छ। लाहौरको स्थानीय निर्वाचन २०१८ मा त्यसको केही संकेत पूर्ण रूपमा देखिई सकिएको छ कि पाकिस्तानका 'डिप स्टेट' भनिने आतंकवादी संगठनहरूलाई २०१८ को निर्वाचनमा सहभागी हुने धार्मिक अधिकार निश्चित प्राय: रहेको छ।

यस सन्दर्भमा एउटा उदाहरणको रूपमा पंजाबको सत्तासीन 'पाकिस्तान मुस्लिम लीग-एन' लाई कमजोर पार्न सेनाले नै सही अर्थमा खादिम हुसैन रिज्वी नेतृत्वको सुन्नी वरेल्भी संगठन 'तहरीक लाबैकं या रशुल अल्लाह'(टी.एल.वाई.आर) फैसलाबादमा निर्वाचन विधेयक, २०१७ को विरूद्ध विरोध सञ्चालन गर्न अरहाएको थियो। यसबाट नै कल्पना गर्न सकिन्छ ८ हजार प्रहरी विरूद्ध २अजार जनालाई ३ सातासम्म उक्साएको थियो र तयस क्रममा गिरफ्तार गरिएकाहरूलाई छाडिएको अन्तिम दिनमा मध्यस्त कर्ता लगायत प्रदर्शनकारी सबैलाई सेनालेनै दैनिक पाकिस्तानी रू.५ हजारका दरले भुक्तानी दिएको थियो। पाकिस्तानी सेना आफूले गर्ने कामका सम्बन्धमा स्पष्ट रहेको छ। जब नागरिक सरकारका प्रधानमन्त्री अब्बासीले रावलपिण्डी र इस्लामावाद सडकको मुख्य स्थानहरू प्रदर्शनकारीहरूलाई हटाउन निमित्त सेनासँग सहयोग मागेका थिए तब सेनाले पूरै अस्वीकार गरिदिएको थियो। यो नियमित स्पष्ट संकेत नै थियो किनकि पाकिस्तानी सेनाका एक कार्यरत मेजर जनरलले नै सरकार र टी.एल.वाई.आर. संगठन बीचको अभियान सञ्चालन गर्ने योजनामा दस्तखत गरेको थियो। यसबाट यो पनि स्पष्ट हुन आउँछ कि त्यस टी.एल.वाई.आर.संगठनद्वारा गरिएको प्रदर्शनकारीहरू मध्ये घाइते भएकाहरूको जिम्मेवारी कसको रहेको थियो ? सेनाले चाहेको बखत पाकिस्तानको निर्वाचित सरकारलाई सत्ताच्युत गर्न सक्छ र अहिले त्यस्तो नगरेकोमा सबैले धन्यवाद दिनैपर्छ।

हालका लागि सेनाका लक्ष्य नवाज शरीफको पार्टी रहेको भए पनि सेनाले यदि नवाज शरीफ २०१८ को निर्वाचन जीते पछि उनलाई बलियो बनाउने सोच पनि राखेको छ। यो स्पष्टप्राय: नै छ कि नवाजको अंगलाई न्यायिक मार्ग चुन्न सेनाले रोजेको भए पनि पंजाबमा उनलाई कमजोर पनि टी.एल.वाई.आर. लाई सघाएको छ। सेनाको अर्को उद्देश्य पूर्व आन्तरिक मामिला मन्त्री चौधरी निसार अली खानको निर्वाचन क्षेत्रलाई अवरोधित पारेर पाकिस्तान मुस्लिम लीग-एन का लागि अवरोध पैदा गर्नु रहेको छ। हामीले यसलाई सामना गर्नु पर्छ किनकि जबसम्म चीनले इस्लामवादलाई सघाउँछ अमेरिकाले पाकिस्तानलाई केही मात्र गर्न सक्छ। संयुक्त राष्ट्रले मसुद अजहरलाई आतंकवादी घोषित गर्ने क्रममा चीनले पाकिस्तानलाई सघाउँदै आएको छ र तयसैले पाकिस्तानी सेनाको प्रमुख जेनरल जुबैर हयातले हालै भारतले चीन-पाकिस्तान इकोनोमिक कोरिडोर (सि.पी.ई.सी) मा अमेरिकी डलर ५०० मिलियन डलरको लगानि लाई अवरोधित पार्न एक विशेष ईकाई स्थापना गरेको आरोप लगाएपछि चिनीयाँहरू पाकिस्तानी सेनाको एक वरिष्ठ सैनिक अधिकारी संगको मतान्तरको आश्चर्यजनक प्रसंग केही समय अगाडि देखिन आएको थियो।

हुन त, त्यससम्बन्धी कुनै स्पष्ट आधार नभएकाले गर्दा भारतको मौनता पश्चात् चिनियाँ परराष्ट्र मन्त्रालयले स्वयं उल्लेख गरेको थियो कि तिनीहरूसँग "त्यस्तो कुनै स्पष्ट प्रतिवेदनहरू छैन।" जनरल हयातद्वारा भारतमाथि लगाईएको पाकिस्तानको त्यस आरोप बारे संचारमाध्यमहरूद्वारा सोधिएको प्रश्नको प्रत्युत्तरमा चिनीयाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता लु काँगाले समेत यस्तो प्रतिक्रिया दिएका थिए-"हामीसँग त्यस्तो कुनै स्पष्ट प्रतिवेदनहरू वा आधारहरू छैन।" यो स्पष्टता काफी छ तर के चिनियाँहरूले यस प्रश्नको उत्तर दिन सक्छन कि किन तिनीहरूले आफ्ना सदाबहार मित्रले मुम्बईमाथि आक्रमण गर्ने योजनाका मुख्य संचालक हफिज सईदलाई पूर्ण स्वतन्त्रता प्रदान गर्दै आएको छ ? जबकि अमेरिकाले खुलस्त रूपमा पाकिस्तानलाई उसमाथि कारबाही गर्न भनी सकेको छ। यो बिलियन डलरको प्रश्न हो जस्को उत्तर दिनु जरूरी छ।

आधारभूत मान्यता यहाँ यो रहेको छ कि पाकिस्तानका आतंकवादी संगठनहरू, जसलाई 'डीप स्टेट' भनिन्छ र त्यसले राजनीतिक उद्देश्यहरूका लागि धार्मिक अधिकारलाई पाकिस्तानमा बढावा दिँदै आएको छ। त्यो सबभन्दा खतरनाक कुरा हो, जो पाकिस्तानमा अवघटित हुन सक्छ। कसैले पनि आश्चर्य भन्न सक्छ कि यदि पाकिस्तानका संस्थापकहरूले सँधै कल्पना गरेका थिए कि उनको सेनाले वास्तवमा तिनीहरूलाई आफ्नो नियन्त्रणमा र निर्देशनमा राख्नेछ। जे भए पनि पाकिस्तान सेना, अल्लाह र अमेरिकाबाट नियन्त्रित रहेको छ। अन्तमा, सबैले यो अवधारणा लिन सक्छ कि अमेरिका त आफ्नो बाटोमा रहेको छ जबकी अन्य दुई (सेना र अल्लाह) पाकिस्तानमा निकट भविष्यमा अझ बलियो र शक्तिशाली बन्न जानेछ र त्यसको प्रतिफल पाकिस्तान र पाकिस्तानी जनताले भोग्नु पर्नेछ।

# सि.पि.इ.सी सुरक्षा र मुख्य योजनाहरूले गर्दा अवरोधित

**-मंजूर अहमद**

चीनको उच्च महत्वकांक्षी चीन-पाकिस्तान इकोनोमिक कोरीडोर (सि.पि.इ.सी) अमेरिकी डलर ४५ बिलियनको योजना तीनवटा आलोच्य बूँदाहरू-सुरक्षा, सडक र बाँध योजनाहरूले गर्दा अहिले अवरोधित हुन थालेको छ। पाकिस्तानी नेतृत्वप्रति संभावित आतंकवादी आक्रमणले गर्दा बेजिङ्गको घट्दो विश्वासका कारण त्यस ठूलो योजनाको विभिन्न योजनाहरूमा कार्यरत रहेको आफ्ना कार्यकर्ता तथा कम्पनीहरूका लागि आवश्यक सुरक्षालाई ध्यानमा राखी चीनले सबभन्दा पछिल्लो पटक दिइएको चेतावनी सबभज्दा गम्भीर प्रकृतिको रहेको छ। केही दिन पूर्व नै त्यस योजनाको क्रममा सामना गर्नु परेको समस्याका कारण सुरक्षा सतर्कता अपनाउनु त्यस योजनाको क्रममा सबभन्दा पछिल्लो गम्भीर अवरोध रहेको समेत जनाइएको छ। केही साता पूर्व भ्रष्ट गतिविधि र क्रियाकलाप देखेर चीनले त्यस योजना अन्तर्गत निर्माण गरिने तीनवटा सडक आयोजनाहरूको अर्थिक सहयोग बन्द गरिदिएको थियो। तीन प्रभावित सडक आयोजनाहरूमध्ये-२१० कि.मी.को देश इस्मेल खान-झोब रोड, ११० कि.मी.को खुजदार-बसीमा रोड र १३६ कि.मी.को काराकोरम हाइवेमा पर्ने राइकोट देखि थाकोट सम्मका आयोजनाहरू रहेका छन्। तर संचार माध्यमहरूको प्रतिवेदनहरूले चीनको निर्णय अनुसार चीनले सहयोग गर्ने आयोजनाहरू क्षेत्र बढी व्यापक हुने शर्तहरूबारे उल्लेख गरेको छ।

पाकिस्तानको आफ्नो निर्णय अनुसार पहिला देखि नै त्यस योजनासँग सम्बन्ध अन्य समान महत्वका अवरोधहरू पनि रहेका छन्। अहिले सम्ममा पाकिस्तान, म्यानमार र नेपाल समेतका तीनवटै देशहरूले त्यस राजमार्गमा रहेको अनुमानित अमेरिकी २० बिलियन राशिको तीनवटा बाँधहरू समेत परित्याग गर्ने निर्णय गरेका छन्। पाकिस्तानले चीनद्वारा प्रस्तावित अमेरिकी १४ बिलियनको 'डैमर-भाषा' आयोजना कडा आर्थिक शर्त्तहरूका कारण रद्द गरिदिएको थियो, त्यस्तै नेपालले अमेरिकी २.५ बिलियन भएको एक जलविद्युत आयोजनाको सम्झौतालाई चिनियाँ कमपनीको आर्थिक अनियमितताको आरोप लगाएर संचालन नगर्ने निर्णय गरेको छ भने म्यानमारले ३ वर्ष अघि अमेरिकी ३.६ बिलियनको ठूलो जल-विद्युत आयोजनामा आफ्नो रूचि नभएको भनेर यस वर्षको नोभेम्बरमा बन्द गरिदिएको छ। खादार व्यापारीक क्षेत्र अन्तर्गतको योजना संचालन गर्न 'युआन' को प्रयोग गर्ने चीनको माग लाई नोभेम्बरमा पाकिस्तानले अस्वीकार गरेको निर्णयलाई कम महत्वपूर्ण मान्न सकिन्न। सार्वजनिक गरिएको त्यस निर्णयले पाकिस्तानी विशेषज्ञहरू तथा संचारमाध्यमसंग सम्बन्धित रहेकोले त्यसो गर्नुको कारण त्यस योजनाले पाकिस्तानलाई प्रतिफल नदिने खुलासा गरिएको छ। हालै जब संघीय नहाजरानी तथा बन्दरगाह मन्त्री मीर हासिल बिजेन्जोले सीनेटरहरूलाई ग्वादार बन्दरगाहबाट प्राप्त हुने राजश्वको ९१ प्रतिशत राशि आगामी ४० वर्षसम्म चीनले प्राप्त गर्ने र ९ प्रतिशत मात्र ग्वादार बन्दरगाह प्रधिकरणले पाउने बताए पछि सबै दु:खित भएका थिए र त्यसैले गर्दा पाकिस्तान चीनको त्यस्तो निर्णयलाई अस्वीकार गरेको महत्वपूर्ण र उल्लेखनीय निर्णय बारे समेत सबैलाई अवगत गराएका थिए। ठीक त्यस्तै प्रकारको वक्तव्य रेल्वे मन्त्री ख्वाजा सांद रफीकले नोभेम्बरमा रेल्वे सम्बन्धी सिनेट स्टैण्डिंग समिति समक्ष प्रस्तुत गर्दै चीनले पहिला रेल्वेहरूका लागि सहज ऋण प्रदान गर्ने वाचार गरेपछि अनुकूल शर्तमा रेल्वेका लागि ऋण प्रदान नगर्ने प्रतिक्रिया दिएपछि त्यस योजना अन्तर्गत पाकिस्तानी रेल्वेका लागि चीनले दिने अमेरिकी डलर ८ बिलियनको ऋण कर्जालाई अस्वीकार गरेको समचार पाकिस्तानी एक स्थानीय समचारपत्रले सार्वजनिक गरेको थियो। सि.पि.इ.सी. योजना अन्तर्गतका आयोजनाहरूको संचालन क्रममा व्यापक स्तरमा कमी-कमजोरीहरूसँगै पाकिस्तानको आर्थिक अवस्थामा प्रतिकूल पार्ने खालको प्रावधानहरू रहेको सम्बन्धमा हालै पाकिस्तानको स्टेट बैंकले गरेको एक अध्ययन प्रतिवेदनमा चीनमा निर्यात हुने मार्बल र त्यसैलाई पुन: अर्द्ध प्रशोधित रूपमा पाकिस्तानमा चीनले निर्यात गर्ने कार्यले पाकिस्तानको मार्वल उध्योग घराशायी हुने स्थिति सार्वजनिक गरिएको छ।

त्यस प्रतिवेदन सम्बन्धमा सिंगापुरको नान्याङ्ग टेक्नोलोजिकल विश्वविद्यालयको अन्तर्राष्ट्रिय अध्ययन संकाय एस.राजरत्नमको एक वरिष्ठ अधिकारी जेम्स दोर्सेले यस प्रकार टिप्पणी गरेका छन्:-"दीर्घकालीन सि.पि.इ.सी. योजना सम्बन्धी बाहिरिएका पाकिस्तानी मार्बल उद्योगका सम्पूर्ण सुझावहरू हेर्दा आर्थिक प्रभुत्व जमाउने, "राज्यलाई आफ्नो नियन्त्रणमा राख्ने पाकिस्तानका संचारमाध्यमहरूमाथि चीनको वर्चश्व हुने र यस क्षेत्रका देशहरू श्रीलंका, म्यानमार र बलोचिस्तानमा जस्तै पाकिस्तानमाथि समेत चीनको प्रभुत्व जमाउने दृष्टिकोण रहेको छ।" हालैको एक वृहत्त लेखमा श्री दोर्सेली चीनले आफ्नो वित्तीय शर्त्तहरूमा लगानीको प्रतिफलमा अधिकत्म लाभ उपभोग गर्ने शर्त्तलाई एक चीनियाँ विशेषज्ञले समेत आफ्नो तर्क मार्फत सघाएको उल्लेख गरेका छन्। शंघाई अनतर्राष्ट्रिय अध्ययन संस्थानका एक दक्षिण एशिआइ विशेषज्ञ झाओ गान्चेले सि.पि.इ.सी. योजना अन्तर्गतका केही महत्वपूर्ण आयोजनाहरूलाई हालै पाकिस्तान, म्यानमार र नेपालद्वारा अस्वीकार गरेकोलाई सानदर्भिक भन्दै-"चीनले वैदेशिक क्षेत्रका भावी योजनाहरूमा त्यस्तै समस्याहरू देखिएका त्यसलाई ठूलो आश्चर्य मान्नु पर्दैन" आफ्नो अभिमत व्यक्त गरेका छन्।

जाडो मौसममा आगो बाल्दा निसासिने र आगलागीका घटनाहरू हुन सक्ने भएकोले:

१. आगो बाल्दा झ्यालको भेण्टिलेशन खुला राखौं ।
२. जाडो मौसममा सुरक्षित ठाउँ यकिन गरेर मात्र आगो बालौं, जथाभावी आगो नबालौं ।
३. जाडो मौसममा अति प्रज्वलनशील पदार्थहरू ( ग्याँस, पेट्रोल, डिजेल जस्ता) भण्डारण तथा बिक्री वितरण कक्ष वरपर आगो नबालौं ।
४. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
५. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रो... स्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

खाना पकाउने ग्याँस (एल.पी.ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि.को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरूरी छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू:

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरू जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशीघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँ उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## जिल्ला समाचार

### नेपालद्वारा विपन्नलाई कम्बल वितरण

रौतहट । नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले आफ्नो गृह जिल्लाका चिसो प्रभावित विपन्न नागरिकलाई न्यानो लुगा वितरण गरेका छन् । शीतलहरले अत्यधिक प्रभावित गृह जिल्ला रौतहटको गढीमाई नगरपालिकामा चिसो प्रभावितलाई नेता नेपालले न्यानो लुगा वितरण गरेका हुन् । नेता नेपालले अति विपन्न, दलित तथा असहाय करिब चार सय महिलाहरूलाई कम्बल वितरण गरे । शीतलहर र अत्याधिक बढेको चिसोमा विपन्नलाई कम्बल वितरण गर्दा उनीहरूलाई ठूलो राहत मिलेको गढीमाई नगरपालिकाको नेकपा अध्यक्ष रामपुकार राय यादवले बताए ।

### नमूना अस्पताल बनाउन निर्देशन

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रादेशिक अस्पताल जनकपुरलाई नमूना अस्पताल बनाउने गरि कार्य योजना तयार पार्न अस्पताल प्रशासनलाई निर्देशन दिएका छन् । समाजिक विकासमन्त्री नवल किशोर साह, भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा, मुख्य सचिव रामकृष्ण सुवेदी, सामाजिक विकास मन्त्रालयका सचिव भरत सुवेदीसहितको टोली लिएर मुख्यमन्त्री राउत अस्पताल पुगेका थिए । मुख्यमन्त्री राउतले अस्पतालको सरसफाई विगतको भन्दा अहिले व्यापक सुधार भएको प्रति अस्पताल प्रशासन, स्वच्छता अभियानीलाई धन्यवाद दिँदै सरसफाईलाई निरन्तरता दिन आग्रह समेत गरे । उनले भने, 'यो अस्पताल प्रदेशकै गौरव हो, यसमाथि जनताको विश्वासलाई बढाउन के के गर्न सकिन्छ, तत्कालिक, मध्यकालिक र दीर्घकालिन योजना बनाउनुस् प्रदेश सरकार सहयोग गर्न तयार छ ।'

### वडाध्यक्षद्वारा फाउण्डेसनलाई सहयोग

धनगढी । धनगढी उप-महानगरपालिकाको वडा नम्बर ३ का वडा अध्यक्ष बलबहादुर ऐरले आफ्नो जन्मदिनको अवसरमा दृष्टी फाउण्डेसनलाई सहयोग गरेका छन् । पुस १६ गते परेको जन्मदिनको अवसरमा धनगढीकै वडा नम्बर ७ मा रेहको दृष्टी फाउण्डेसनलाई उनले खाद्यान्न, लत्ताकपडा सहित नगद सहयोग गरेका हुन् । झण्डै तीस हजार खर्च गर्दै वडा अध्यक्ष ऐरले फाउण्डेसनमा बस्दै आएका असहायका लागि जाडोमा लगाउने लुगा, चामल र दैनिक प्रयोगमा आउने विभिन्न समाग्रीहरू हस्तान्तरण गरेका हुन् ।

### घुससहित कर्मचारी पक्राउ

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका कार्यालयको लेखा शाखामा कार्यरत एक कर्मचारी हजार रूपियाँ घुससहित पक्राउ परेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट आएको टोलीले सोवाग्राहीसँग १५ हजार रूपियाँ घुस लिँदै गरेको अवस्थामा वीरगञ्ज महानगरपालिका कार्यालयको लेखा शाखामा कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारी राकेशकुमार जैसवाललाई घुस रकमसहित पक्राउ गरेको हो । वीरगञ्ज महानगरपालिका -३० मा ढलान सडक निर्माण भएपछि भुक्तानी दिनका लागि उपभोक्ता समितिसँग १५ हजार रूपियाँ घुस मागेपछि त्यही रकम लिँदै गरेको अवस्थामा लेखा शाखाका प्रमुख रूपनारायण राउतको कार्यकक्षबाट कर्मचारी जैसवाल सोमबार दिउँसो पक्राउ गरिएको हो ।

### विद्यार्थीलाई ट्र्याकसुट वितरण

विराटनगर । राउण्ड टेवल नेपालले मोरङको विभिन्न विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ । विराटनगर सेन्ट्रल राउण्ड टेबल १५ ले मोरंगको रंगेलीस्थित श्री महर्सीमेही आधारभुत विद्यालयका करिब २०० जना विद्यार्थीलाई ट्र्याकसुट वितरण गरेको छ । चिसोका कारण विद्यालयमा विद्यार्थीको संख्या घट्दै गएपछि राउण्ड टेबलले न्यानो कपडा वितारणको कार्यक्रम आयोजना गरिएको विराटनगर सेन्ट्ल राउण्ड टेबल १५ का सेक्रेटरी डाक्टर ललित अग्रवालले जानकारी दिए ।

### अस्पतालको गुणस्तर वृद्धिमा प्रदेश सरकार

रूपन्देही । लुम्बिनी प्रादेशिक अस्पतालको सेवाप्रति बिरामीहरूको गुनासो बढ्दै गएको बेला प्रदेश सरकारले भने यसको गुणस्तर बढाउन प्रयास थालेको छ । अस्पताललाई प्रदेशकै नमुना अस्पताल बनाउने घोषणा गरेको प्रदेश सरकाले अस्पतालको क्षमता बढाउन गुणस्तरीय उपकरणबाट सेवा दिने भएको हो । अस्पतालको बर्थिङ सेन्टरको विस्तार, औजार, उपकरण तथा दक्ष प्रसूतिकर्मी व्यवस्था गर्न सरकारले अस्पताललाई आवश्यक बजेट उपलब्ध गराउने जनाएको छ । त्यसैगरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको क्षमता वृद्धिका लागि पनि प्रदेश सरकारले विनियोजना गरेको छ ।

### पर्यटकलाई नाकाबाटै स्वागत

विराटनगर । नेपाल भ्रमण वर्ष २०२० को पहिलो दिन नेपाल घुम्न आएका भारतीय पर्यटकहरूलाई नाकाबाटै स्वागत गरिएको छ । नेपाल सरकारले मनाउने भ्रमण वर्षको पहिलो दिन बुधबार विराटनगर रानी नाका हुँदै भित्रने भारतीय पर्यटकहरूलाई नाकामै स्वागत गरिएको हो । एकाबिहानै भित्रिएका पर्यटकहरूलाई विराटनगरका स्थानीयले फूलमालाले स्वागत गरेका थिए । नेपाल-भारतमैत्री युवा संघले विराटनगर भन्सार क्षेत्रमा पर्यटकलाई स्वागत गरेको थियो ।

### राट्रिय एकता तथा मेलमिलाप दिवस मनाइयो

कपिलवस्तु । कपिलवस्तुसहित देशभर ४४औं राट्रिय एकता तथा मेलमिलाप दिवस मनाइएको छ । नेपाली कांग्रेसमा मेलमिलापको साटो गुटउपगुट संस्थापक रूपमा मौलाउँदा जिल्लाका नेताहरूले चिन्ता व्यक्त गरेका छन् । नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइराला लगायतका नेताहरूले लामो समय भारतको निर्वासन जीवन अन्त्य गरी स्वदेश फर्किएको दिन पुस १६ गते हरेक वर्ष राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आइएको छ । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, लौहपुरूष गणेशमान सिंह, नेतृ शैलजा आचार्य र नेता खुमबहादुर खड्कालगायत मेलमिलापको नीति लिएर २०३३ पुस १६ गते स्वदेश फर्किएका थिए ।

### नेपालगन्जमा फुड फेस्टिवल

नेपालगन्ज । अंग्रेजी नयाँ बर्ष सन् २०२० को अवसर पारेर बुधबार नेपालगन्जमा नेपालगन्जमा फुड फेस्टिवल आयोजना गरिएको छ । स्थानीय परिकारहरूलाई प्रवर्द्धन गर्नका लागी भिन्टेक कलेज अफ होटेल एन्ड टुरिज्म नेपालगन्जले फेस्टिवल आयोजना गरेको हो । फेस्टिवलमा सात वटै प्रदेशका दुई दुई वटा स्थानीय परिकार पस्किएका गजेन्द्र मल्लले जानकारी दिए । फेस्टिवलमा एक सय रूपैयाँमा एक प्रदेशको परिकार खान मिल्ने व्यवस्था मिलाइएको कलेजका संचालक सरोज कुमार चन्दले जानकारी दिए । नयाँ वर्ष र नेपाल भ्रमण बर्ष २०२० लाई सफल बनाउन नेपाली स्वादलाई प्रवर्द्धन गर्न लागिएको अन्तरक्रिया कार्यक्रममा सञ्चालक चन्दले बताएका छन् ।

### विरोधपछि प्रदेशसभा बैठक स्थगित

जनकपुरधाम । लामो समयपछि सोमबार बसेको प्रदेश नं.२ को प्रदेश सभाको बैठकमा प्रतिपक्षी दल नेकपा तथा नेपाली काँग्रेसले विरोध पछि स्थगित भएको छ । जनता आवास, प्रदेशसभा सदस्यहरूको संसदीय कोषको कार्याविधि, सर्शत अनुदान लगायतका विषयमा प्रदेश सरकारबाट सन्तोषजनक जवाफ नआएको भन्दै नेपाली काँग्रेसका प्रमुख सचेतक उपेन्द्र कुशवाहाले विरोध गरेका थिए । नेपाली काँग्रेसका प्रदेश सभाको सदस्यहरूले सरकारको जवाफ माग्दै आ-आफ्नो स्थानमा उठेर विरोध जारी राखेपछि त्यसको समर्थन गर्दै नेकपाका प्रदेश सभा सदस्यहरूले पनि विरोध गरेपछि प्रदेश सभामुख सरोजकुमार यादवले आधा घण्टाका लागि बैठक स्थगित गरेका थिए ।

### वीरगन्जमा पनि भ्रमणको शुभारम्भ

वीरगन्ज । नेपाल भ्रमण वर्ष २०२० को आरम्भ नेपालको मुख्यद्वार वीरगन्जबाट पनि शुभारम्भ गरिएको छ । भिजिट मधेश नेपाल र होटेल, पर्यटन ब्यवसायी संघ वीरगन्जको संयुक्त आयोजनामा बुधबार वीरगन्जमा नेपाल भ्रमण वर्षको शुभारम्भ भएको हो । करिब चार सय सहभागी एवं वीरगन्जका मेयर विजय कुमार सरावगी, प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, नेपाल आर्मीका वीरगन्ज प्रमुख, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको बिशेष सहभागितामा प्रभात फेरि कार्यक्रमको आयोजना गरिएको थियो । नेपाल भ्रमण वर्षको प्रभाव र लाभ तराई मधेशले पनि अनुभूति गर्न पाओस्, भिजिट नेपाल २०२० सफल होस्, भिजिट मधेश सफल होस्, अतिथि देवो भव: भने मुल नारासहित कार्यक्रम सम्पन्न भएको थियो ।

### आगलागी हुँदा तीन जनाको घर नष्ट

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-२ बर्गदवा बस्ने नितेश पासीको घरमा बिद्युत सर्ट भई आगलागी भएको छ । शनिबार बिहान आगलागी हुँदा पासी समेत अन्य ३ जनाको घर पूर्णरूपमा जलेर नष्ट भएको छ । आगलागीबाट करिब ५ लाख ५९ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ ।

### ट्याक्टरको ठक्करबाट दुईको मृत्यु

रौतहट । रौतहटको मौलापुर नगरपालिका-२ चिरचिरयामा ट्याक्टरको ठक्करबाट २ जनाको मृत्यु भएको छ । कटहरियाबाट मौलापुर जाँदै गरेको ना ५ त ७३४५ नम्बरको ट्याक्टरले मंगलबार राति मौलापुरबाट आउँदै गरेको ना ३८ प ५१५३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा मोटरसाइकल चालक मौलापुर नगरपालिका २ का ४५ वर्षीय सुरेन्द्र राय र सोही ठाउँका ६० वर्षीय राजेन्द्र राय छन् । सुरेन्द्रको जिल्ला अस्पताल गौरमा र राजेन्द्रको नेसनल मेडिकल कलेज वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टरसहित चालकलाई इलाका प्रहरी कार्यालय मौलापुरले नियन्त्रणमा लिएको छ ।

कला/साहित्य

कमल मण्डल



# शास्त्रीय संगीतमा जम्दै सन्तोष सानु



काठमाडौंको गुरूकुल सँगीत पाठशालामा वरिष्ठ संगीतगुरू गुरूदेव कामतसँग शास्त्रीय संगीतको ज्ञान लिएका सन्तोष भारतीय राजदूतावासबाट छात्रवृत्ति पाएर दिल्लीमा दश वर्ष समय बिताएर आएका छन् । ईन्दिरा कला सँगीत विश्वविद्यालय (खयरागढ) छतिसगढबाट गायनमा एम.म्यूजिक सम्मको कोर्स पुरा गरेका सानु दिल्लीमा सँगीत गुरू उमा कान्त, रमा कान्त गुन्दचार र ओ.पि.रायसँग पनि विशेष ज्ञान हासील गरेर आएका छन् ।

चुनलौ चुन्लौ एहन कनिया.... बोलको गीत गाएर आफ्नो पहिचान बनाउन सफल युवा गायक सन्तोष सानु मैथिली, भोजपुरी, नेपाली, गढवाल, हिन्दी, थारू लगायतका बिभिन्न भाषाका एल्बम, फिल्म र टेली सिरियलहरूमा आफ्नो सुमधुर आवाज दिइसकेका छन् । सप्तरीका युवाहरूको प्रयासमा गंगा क्यासेट कम्पनीबाट निस्केको मैथिली गीति क्यासेट 'पूर्णिमाक चाँद' मा चुनलौ चुनलौ..... बोलको गीत गाएका थिए । त्यस्तै निलम क्यासेट कम्पनीबाट एकल आवाजमा फैसनवाली छौडी, जय माँ शखडेश्वरी, चटपच मसला, नेपाली एल्बम सानु लगायतका एल्वम पनि निकालेका छन् । यी दुबै एकदमै चर्चित भएका थिए । सप्तरीको विष्णुपुर गा.पा. वडा नम्बर ११ खुरहुरीया स्थायी घर भएका गायक सन्तोष धनकुट्टामा बिएड अध्ययनरत् रहँदा पहिलो पटक नेपाली भाषामा एकल साँस्कृतिक कार्यक्रम गरेर चर्चा बटुलेका थिए । अहिले काठमाडौंलाई आफ्नो कर्मथलो बनाएर राजधानीको चक्रपथस्थित आस्था कला केन्द्रमा सँगीत सिकाउनमा व्यस्त रहेका छन् । गायन क्षेत्रमा लाग्ने नव गायक/गायिकाहरूलाई गीत गाउनु भन्दा पहिले शास्त्रीय सँगीत सिकेर गीत गायो भने कहिले पछाडी फर्केर हेर्नुपर्दैन । संगीत भनेको साधना हो । जसले जति साधना गर्न सक्यो उति नै अगाडि बढ्न सक्छन् भन्ने संदेश पनि दिन चाहनुहुन्छ गायक सन्तोष ।

## ओली र मोदीबीच शुभकामना आदान-प्रदान



काठमाडौं । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच अँग्रेजी नयाँ वर्ष २०२० को अवसरमा शुभकामना आदान-प्रदान भएको छ ।

प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल ट्वीटरमा एक ट्वीट गर्दै आफू र भारतका प्रधानमन्त्री मोदीबीच टेलिफोनमार्फत् शुभकामना आदान प्रदान भएको जनाएका छन् । शुभकामना आदान प्रदानको क्रममा प्रधानमन्त्री ओलीले भारतीय समकक्षी मोदीलाई नेपाल भ्रमणको निम्तो पनि दिएका छन् ।

## 'समस्या समाधान गर्न नेपाल र भारत सकारात्मक'

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले कालापानी र सुस्ताको विवाद कूटनीतिक पहलबाटै हुने बताएका छन् । राष्ट्रियसभाको बैठकमा बोल्दै ज्ञवालीले सीमाको विवाद समाधान गर्ने पक्षमा नेपाल र भारत दुवै सरकार सकारात्मक भएको बताए । उनले भने, 'हामी कालापानी र सुस्ताको विवाद समाधन गर्ने पक्षमै छौं । २००७ पछिबाटै नेपाल भारतबीच सीमाको समस्या देखा परेको थियो । खुला सिमानाका कारण पनि समस्या देखिएका छ' उनले भने । सीमाना १२ सय हेक्टर भूसतहमाथि र ६ सय हेक्टर नदिसँग आधारीत सीमा रहेको समेत बताए । कालापानी र सुस्ताको विवाद परम्पराकालमै रहेको र अहिलेसम्म पनि कायमै भएको समेत मन्त्री ज्ञवालीले बताए । सरकारले कालापानी र सुस्ताको मात्रै नभएर सबै सीमाको विषयमा छलफल गर्ने तयारी गरेको उनको भनाइ छ । मन्त्री ज्ञवालीले भारतले हालै पठाएको नेपालको पत्रमा पनि सीमाको समस्या समाधान गर्न तयार रहेको प्रतिक्रिया दिएको बताए । दुवै देशका प्रतिनिधिको समय मिल्नेगरी बैठकको समय तोक्ने प्रयास भइरहेको समेत उनले जनाए । नयाँ वर्षका दिन दुबै देशका प्रधानमन्त्रीहरूबीच भएको टेलिफोन वार्तामा पनि सीमाको विषयमा छलफल गर्न भारत तयार रहेको प्रतिक्रिया दिएका उनले जानकारी दिए ।

## "सम्बन्ध नबिग्रियोस्"

काठमाडौं । नेपाली कांग्रेसका सांसद राधेश्याम अधिकारीले नेपाल भारतबीचको सीमा विवादले दुई देशबीचको सम्बन्धमा असर पार्न नहुने तर्फ सरकारलाई सचेत गराएका छन् । राष्ट्रियसभामा प्रस्तुत जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल गर्दै सांसद अधिकारीले भारतसँगको सम्बन्ध बहुआयामिक भएकाले सीमा विवादका कारण सम्बन्धमा असर पर्न नहुने बता । 'सीमा विवादबारे चर्चा गरिरहँदा नेपाल भारतबीचको सम्बन्धमा खलल पार्नु हुन्न । सीमा विवाद चर्काएर अरू क्षेत्रलाई प्रभावित पार्नु हुन्न, होसियारीपूर्वक काम गर्नुपर्छ' उनले भने । अधिकारीले राज्यको उच्च्तम तहबाट राजनीतिक सहमति कायम गरी सीमा विवाद टुंग्याउन पनि आग्रह गरे । उनले दार्चुलामा कम्तीमा ४/५ वटा सीमा सुरक्षा पोस्ट थप्नुपर्ने सुझाव दिए । भारतले बंगलादेशसँगको लामो सीमा विवाद कुटनीतिक माध्यमबाट समाधान गरेको स्मरण गराउँदै सांसद अधिकारीले त्यही दृष्टान्तका आधारमा भारतसँग कुरा गर्न सकिने बताए ।

## विदेश सचिवमा श्रींगला

काठमाडौं । नेपालसम्बन्धी मामिलाका समेत जानकार रहेका हर्षबर्द्धन श्रींगला भारतीय विदेश सचिवमा नियुक्त भएका छन् । श्रींगला अमेरिका, युरोपेली र दक्षिण एसिया मामिलामा राम्रो दखखल राख्छन् । उनले नेपाल र भुटान हुर्ने नर्थ डिभिजनमा निर्देशकका रूपमा समेत काम गरिसकेका छन् । सचिव विजयकेशव गोखलेले आगामी २९ जनवरीमा अवकास पाउन लागेकाले नरेन्द्र मोदी सरकारले श्रीर्गलालाई भावी विदेश सचिवमा चयन गर्ने निर्णय गरेको हो । गोखलेले २९ जनवरी २०१८ मा सचिव पद सम्हालेका थिए । श्रींगलाको चयनलाई मोदी सरकारको भारतको शक्ति राष्ट्रहरूको सम्बन्ध विस्तारसँगै 'लुक इस्ट' नीतिको प्रभावकारी कार्यान्वयनको रणनीतिका रूपका हेरिएको छ ।

## डीपीआर पनि बनाइदिन आग्रह

काठमाडौं । रक्सौल-काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) बनाउन नेपालले भारतसँग प्रस्ताव पठाएको छ । यसको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले यसअघि नै नेपाललाई दिइसकेको छ । नेपालले भारत सरकारलाई पत्र लेख्दै भारतकै लगानीमा डीपीआर पनि बनाइदिन आग्रह गरेको हो । रेल विभागका महानिर्देशक बलराम मिश्रका अनुसार परराष्ट्र मन्त्रालयमार्फत लेखिएको पत्रको जवाफ अझै आएको छैन । तर, भारतीय दूतावासका अधिकारीलाई उद्धृत गर्दै मिश्रले यसमा भारत सरकार सकारात्मक रहेको बताए । 'अब भारतले दिने जवाफका आधारमा कुनै सम्झौता वा समझदारी भएर डीपीआर बनाउन सुरू गरिनेछ,' मिश्राले भने, 'हामी जतिसक्दो छिटो यो रेलमार्गको डीपीआर बनोस भन्ने चाहन्छौं ।' भारतीय कम्पनी कोंकण रेलवे कर्पोरेसन लिमिटेड (केआरसिएल)ले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटरको हुने छ । यो रेलमार्ग निजगढ हुँदै खोकनासम्म बनाउन प्रस्ताव गरिएको मिश्रले बताए । भारतसँग जोडिने अन्तरदेशीय यो रेलमार्ग ब्रोडगेजमा नै बनाउने गरी प्रारम्भिक रिपोर्ट आएको छ । तर, सरकारले यो रेलमार्गलाई स्टान्डर्ड गेजमा नै बनाइदिन आग्रह गर्दै आएको छ ।

## पुरीलाई बिदाई

काठमाडौं । नेपाल-भारत मैत्री संघले नेपालका लागि भारतीय राजदूत मंजीब सिंह पूरी र उनका श्रीमती नम्रता सिंह पूरीलाई अभिनन्दन एवं बिदाई गरेको छ । संघले सोमबार काठमाडौंस्थित होटल म्यारीवट, नक्साल आयोजना गरेको एक विशेष समारोमा राजदूत पुरीलाई अभिनन्दन एवं बिदाई गरेको हो । राजदूत पुरीलाई नेपाल-भारत मैत्री संघ लगायत अन्य संघ-संस्थाहरूको संयुक्त आयोजनामा बिदाई गरिएको थियो । उक्त समारोहमा नेपाल-भारत मैत्री संघ केन्द्रीय पदाधिकारी, सल्लाहकार, आजिवन सदस्यहरू लगायतको उपस्थिती रहेको थियो । आफ्नो कार्यकाल सम्पन्न गरी बिदा हुन लागेका राजदूत पुरीलाई नेपाल-भारत मैत्री संघको तर्फबाट अभिनन्दन-पत्र प्रदान गरी सम्मान तथा बिदाई गरिएको थियो ।

## उखु किसान...

देशव्यापी खेती हुने उखु बालीलाई सरकारले कुनै पनि सहुलियत, सुविधा, प्रोत्साहन र संरक्षण गरेको छैन । देशभरिमा उखु सबैभन्दा खेती गर्ने उत्पादन गर्ने जिल्ला सर्लाही हो । त्यस वाहेक रौतहट, बारा, पर्सा, धनुषा, सिरहा, नवलपरासी, कपिलवस्तुसहित पूर्व-पश्चिमसम्म फैलिएको छ । महोत्तरीमा श्रीराम सुगर मिल (रामनगर), सर्लाहीमा इन्दुशंकर चिनी उद्योग हरिवन, अन्नपूर्ण सुगर मिल गोरैता, रौतहट गरूडा मिल गरी देशभरि नै सुगर मिल खोलिएको छ । सर्लाहीको साविक घुर्कौली गाविसले वार्षिक ५ लाख क्विन्टल उत्पादन गर्दछ । हाल सो गाविस सहित हरिवन सासापुर र अत्रौली मिली हरिवन नगरपालिका बनेको छ । सायद त्यही नगरपालिकाले नै देशको अरू नगरपालिकाको तुलनामा सबैभन्दा बढी उत्पादन गर्दछ । हरिवनस्थित चिनी उद्योगले औसतमा ३० लाख क्विन्टल क्रसिङ गर्ने गरेको बताउँछन् ।

मंसिरमा बेचेको उखुको मूल्य थाहा नहुने, मूल्य तोक्न नसकिने, बल्ल-बल्ल तोकेको मूल्य पनि पोहोरभन्दा प्रति क्विन्टल १५ रूपैया घटाउने गरिदै आइएको छ । त्यसप्रति आम किसान असन्तुष्ट, रूष्ट र आन्दोलित भएको छ । भुक्तानीका लागि जिल्लामा पटक-पटक आन्दोलन गरेका उखु किसानले त्यहाँ न्याय नपाएपछि अहिले आन्दोलनलाई काठमाडौं केन्द्रित गरेका छन ।

सर्लाहीका अन्नपूर्ण चिनी मिलले ५० करोड र महालक्ष्मी सुगर मिलले २१ करोड रूपियाँ किसानको बक्यौता रकम नदिएको किसानहरूको भनाइ छ । त्यसका साथै सरकारले दिने अनुदान पनि किसानले हालसम्म पाएका छैनन् । किसानले १५ महिनासम्म जिल्लामा आन्दोलन गरेका थिए । सो आन्दोलनपछि प्रमुख जिल्ला अधिकारको उपस्थितिमा उद्योगी र किसानबीच जेठ ६ गते पाँच बुँदे सहमति भएको थियो । असार मसान्तभित्र सम्पूर्ण बक्यौता रकम भुक्तानी गर्ने र केही रकम तिर्न नसके कात्तिक मसान्तभित्र भुक्तानी गरिदिने पाँच बुँदे सम्झौतामा उल्लेख छ तर असार मसान्त बित्यो, कात्तिक मसान्त पनि बित्यो तर उद्योगीले एक रूपियाँ पनि भुक्तानी नदिएको उखु किसान संघर्ष समिति सर्लाही-४ का सचिव हरिश्याम राय यादवले बताए । कात्तिक मसान्तसम्म भुक्तानी नदिँदा मंसिरसम्म कुर्दा पनि उद्योगीले वास्ता नगरेको हुँदा बाध्य भएर काठमाडौं आएको किसानहरूको भनाइ छ । उखु किसान संघर्ष समिति सर्लाहीको अगुवाइमा करिब एक सय किसान अहिले काठमाडौं केन्द्रित प्रदर्शनीमा सहभागी छन् ।

किसानहरूकाअनुार २०७० सालदेखि कै बाँकी रहेको बक्यौता रकम हालसम्म पाइएको छैन । महालक्ष्मी सुगर मिलले ६० करोडको उखु खरिद गरेकोमध्ये १३ हजार किसानको २१ करोड रूपियाँ भुक्तानी गर्न बाँकी रहेको छ । सर्लाही क्षेत्र नं. ४ का राजपा नेपालका नेता राकेश मिश्रका अनुसार उखु मिलबाट एउटै किसानले २५ हजारदेखि २५ लाख रूपियाँसम्म भुक्तानी लिन बाँकी छ । भुक्तानी नपाउने किसानलाई दिनदिनै समस्या थपिँदै गइरहेको बताउँदै उनले सरकारको ध्यानाकर्षण गराउन धर्ना र प्रदर्शन गरिएको बताए । हालै मन्त्रिपरिषद्को बैठकमार्फत सरकारले यो वर्षका लागि प्रतिक्विन्टल उखुलाई ५३६ रूपियाँ ६५ पैसा मूल्य निर्धारण गरेको छ ।

## एक हजार...

अर्थशास्त्रमा बिए (अनर्स) गरेका छन् । त्यसपछि व्यवस्थापनमा स्नातकोत्तर गरेका पुरीले भारत सेवामा लाग्नुअघि उनले हिन्दुस्तान युनिलिभरमा काम गरेका थिए । सन् १९८२ को ब्याचमा भारतीय विदेश सेवामा अफिसरको रूपमा प्रवेश गरे । भारतीय जनता पार्टीसँग आबद्ध पुरीले यसअघि सन् २००९ देखि २०१३ सम्म अमेरिकामा रहेको संयुक्त राष्ट्रसंघका लागि भारतको राजदूत तथा सहयाक स्थायी प्रतिनिधिको रूपमा कार्यरत थिए ।

उनी सन् २०११-१२ मा भारतको सुरक्षा परिषद्को वरिष्ठ सदस्यको रूपमा पनि काम गरेका थिए । दीर्घकालीन विकास र वातावरणको विषयमा काम गरेका पुरीले सन् २०१२ मा ब्राजिलको रियोमा भएको संयुक्त राष्ट्रसंघको सम्मेलनमा भारतको तर्फबाट प्रमुख मध्यस्तकर्ता थिए । त्यस्तै, उनले वातावरणसम्बन्धि धेरै सम्मेलनमा भारतको प्रतिनिधित्व गरेका छन् ।

यसको साथै उनले मुख्य आर्थिक फोरम तथा सन् २००९ मा कोपनहेगनमा भएको युएनएफसीसीसीमा पनि भाग लिएका थिए । सन् २००५ देखि ०९ सम्म उनी भारतको विदेश मन्त्रालयमा संयुक्त राष्ट्रसंघ डिभिजनको प्रमुख पनि थिए । लामो समय भारतको कुटनीतिक क्षेत्रमा विताएका पुरीले सन् १९८४ देखि ८६ र १९९१ देखि ९४ सम्म जमर्नीमा समेत खटिएका थिए ।

त्यस्तै, सन् १९८६ देखि ८९ सम्म बैंकक, सन् १९८९ देखि ९१ सम्म काराकास, न् १९९८ देखि २००२ सम्म केपटाउन, सन् २००२ देखि ०५ सम्म मुस्काटमा पनि रहेर काम गरे । सन् १९९४ देखि ९८ सम्म उनी ठूला राजनीतिक भ्रमणका क्रममा भारतीय विदेश मन्त्रालयको प्रोटोकल इन्चिार्ज पनि थिए । उनकी पत्नी नम्रिता पुरी रहेकी छिन् भने उनको दुई छोराछोरी रहेका छन् । उनी पनि कुटनीतिक क्षेत्रमा नै कार्यरत छिन् । राष्ट्रिय सुरक्षाको विषयम पार्टीको विदेश नीति मनपरेको बताउँदै उनी सन् २०१४ को जनवरीमा भारतीय जनता पार्टी प्रवेश गरेका थिए । रणजित रायपछि राजदूत बनेका पुरी २०७३ चैत १२ देखि २०७६ पुस १५ सम्म नेपालको २४औं राजदूत नियुक्त भएका थिए ।

आर्थिक समाचार

ज्योति गौतम

## कामतीले जिते १० लाख

विराटनगर । सडक दुर्घटनामा परी हाल विराटनगर नसिङ् होममा उपचारत रहेका सिरहाका जितेन्द्र कुमार कामतीले एनसेलको 'रिचार्जमा चमत्कार' योजनामा नगद पुरस्कार रू १० लाख जितेका छन् । यस योजनाअन्तर्गत पहिलो महिनाको पुरस्कार जित्ने कामती भाग्यशाली ग्राहक हुन् । मंसिर ३० गते प्रत्यक्ष प्रसारण भएको एक टेलिभिजन कार्यक्रममार्फत कामती यो योजनाको पहिलो मासिक विजेताका रूपमा छानिएका थिए । बुधबार चर्चित हास्यकलाकार जितु नेपालले उनी उपचारत रहेको अस्पतालमा गई रू. १० लाखको चेक हस्तान्तरण गरेका थिए । आफ्नो कष्टमर लोयल्टी कार्यक्रमअन्तर्गत एनसेलले यो 'रिचार्जमा चमत्कार' योजना मंसिर १, २०७६ देखि संचालन गर्दै आएको छ । यस योजनाअन्तर्गत हरेक योग्य ग्राहकले प्रत्येक हप्ता रू २ लाख नगद र प्रत्येक महिना रू १० लाख नगद जित्ने मौका पाउँछन् ।

## ग्लोबल आइएमईको रक्तदान कार्यक्रम

काठमाडौं । ग्लोबल आइएमई बैंकले १३औं वार्षिकोत्सवको अवसरमा बृहत रक्तदान तथा निःशुल्क मधुमेह परीक्षण कार्यक्रम आयोजना गरेको छ । बैंकको केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयहरूमा आयोजना गरिएको रक्तदान कार्यक्रमा ४७७ जना बैंकका शेयरधनी, ग्राहक तथा कर्मचारीहरूले रक्तदान गरेका छन् । केन्द्रीय कार्यालयको आयोजनामा बैंकको कान्तिपथ शाखा तथा उपत्यका बाहिर ७ स्थानमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । उपत्यका बाहिर प्रदेश नं. १ को बिराटनगर शाखा, प्रदेश नं. २ को जनकपुरधाम शाखा, प्रदेश नं. ३ को नारायणगढ र चितवन भण्डारा शाखा, गण्डकी प्रदेशको पोखरा न्यूरोड शाखा, प्रदेश नं. ५ को बुटवल चौराहा शाखा र नेपालगञ्ज शाखामा उक्त कार्यक्रम आयोजना गरिएको थियो । बैंकले आफ्नो १३औं वार्षिकोत्सवको अवसरमा बिहीबारदेखि एक महिनासम्म विभिन्न सामाजिक कार्यहरू आयोजना गरिने बैंकले जनाएको छ ।

## देउरालीमा शाखारहित सेवा सञ्चालन

काठमाडौं । अर्घाखाँचीको छत्रदेव गाउँपालिका–७ देउरालीमा एनआइसी एसिया बैंकले आफ्नो शाखारहित बैंकिङ सेवाकेन्द्र सञ्चालन गरेको छ । छत्रदेव गाउँपालिका–७ का अध्यक्ष शोभाखर पाण्डेले शाखारहित बैंकिङ सेवाकेन्द्रको उद्घाटन गरेका हुन् । कृष्णप्रसाद पाण्डेलाइ बैंकले शाखारहित बैंकिङ सेवाको प्रतिनिधिका रूपमा नियुक्त गरेको छ । यो शाखा जोडेर बैंकको शाखारहित बैंकिङ सेवाकेन्द्र ४५ पुगेको छ । शाखारहित बैंकिङ सेवाबाट स्थानीयवासीले प्रतिनिधिमार्फत् बैंकिङ सेवा लिन सक्छन् । सेवाबाट विभिन्न निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, स्वीकृत सीमाभित्र रही कर्जा कारोबार गर्ने, कर्जाको सावा तथा ब्याज भुक्तानी गर्न सक्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिने बताइएको छ ।

## ब्लु क्रसमा छुट

काठमाडौं । सेञ्चुरी कमर्सियल बैंक र ब्लु क्रस अस्पतालबीच हालै विभिन्न सेवासुविधामा छुट दिइनेसम्बन्धी सम्झौता भएको छ । सेवाग्रहीले त्रिपुरेश्वरस्थित ब्लु क्रस अस्पतालका विभिन्न सेवामा छुट पाउने भएका छन् । आइतबार बैंकका बजार प्रबन्धक शेखरराज बस्ताकोटी र अस्पताल व्यवस्थापन समितिका सदस्यसचिव रजतकृष्ण श्रेष्ठले छुटसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । बैंकको क्रेडिट र डेबिट कार्डबाहेक तथा सेयरधनिले अस्पतालको प्याथोलोजी, अल्ट्रासाउन्ड, सिटीस्कयान, अपरेसन, रेडियोलोजी, बेडचार्ज तथा अन्य जाचँमा १२ प्रतिशतसम्म छुट पाउने बताइएको छ ।

## सनराइजले होटेलमा छुट दिने

काठमाडौं । सन्राइज बैंकले आफ्ना ग्राहकलाई होटेल सांग्रिलामा छुट दिने भएको छ । ग्राहकको सहजता तथा सुविधालाई मध्यनजर गर्दै अस्पताल, रेस्टुरेन्ट तथा विभिन्न क्षेत्रमा विशेष छुटसहितका सुविधा दिँदै आएको छ । त्यसैक्रममा बैंकले होटेल क्षेत्रमा समेत विभिन्न छुट दिने उद्देश्यले होटेल सांग्रिलामा सम्झौता गरेको छ । बैंक र होटेलबिच भएको सम्झौताअनुसार बैंकका ग्राहकले सांग्रिलाको विभिन्न सेवा तथा सुविधा प्रयोग गर्दा विशेष छुट पाउनेछन् । सम्झौताअनुसार बैंकका ग्राहकले होटेलको खाना, पेय पदार्थ, बेकरी तथा साउनामा सनराइजको क्रेडिट डेबिट कार्डमार्फत भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट पाउनेछन् । बैंक र होटेलबीचको सहकार्य १ वर्षसम्म लागु हुने बताइएको छ ।

## भारतीय पर्यटन राज्यमन्त्री जनकपुरमा

जनकपुरधाम । भारत सरकारका केन्द्रीय संस्कृति तथा पर्यटन राज्यमन्त्री प्रह्लाद पटेल जनकपुर भ्रमणमा आएका छन् । पटेलले जानकी मन्दिरमा पूजा अर्चना समेत गरेका छन् । नेपाल भ्रमण वर्ष २०२० को ुद्घाटन कार्यक्रममा भाग लिन उनी नेपाल आएका हुन् । नेपाली सेनाको हेलिकप्टरबाट जनकपुर पुगेका पर्यटन मन्त्री पटेललाई नेपाल भ्रमण वर्ष २०२० प्रदेश २ समन्वय समितिका संयोजक मनिष झाले स्वागत गरेका थिए ।

## डीपी त्रिपाठीको निधन

काठमाडौं । नेपालविज्ञ भारतीय नेता डीपी त्रिपाठीको ६७ वर्षको उमेरमा निधन भएको छ । भारतको राजधानी नयाँदिल्लीमा उनको निधन भएको हो । उनी लामो समयदेखि अस्वस्थ थिए । उनी उत्तर प्रदेशको सुल्तानपुरमा जन्मिएका थिए । राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी)का नेता समेत रहेका उनले तत्कालीन विद्रोही माओवादी र राजनीतिक दलहरूबीच १२ बुँदे सहमति गराउन भूमिका निर्वाह गरेका थिए । २०४६ सालमा प्रतिनिधिसभा पुनःस्थापनालगत्तै उनी नेपाल आएका थिए । पहिलो जनआन्दोलनताका पनि राजीव गान्धीको दूतको रूपमा पनि उनी नेपाल आएका थिए । त्यतिबेला उनले नेपालमा पञ्चायती शासन अन्त्य हुने भविष्यवाणी गरेका थिए । त्रिपाठीले 'नेपाल ट्रान्जिसन ए वे फरवार्ड'लगायतका पुस्तकसमेत लेखेका छन् ।

## अब साना सहयोग बजेटमै

काठमाडौं । सरकारले भारतीय सहयोगमा सञ्चालन हुने साना विकास आयोजनालाई वार्षिक बजेटमै समेट्ने भएको छ । मन्त्रिपरिषद्को बैठकले भारतीय सहयोगका साना विकास आयोजना र तिनमा खर्च हुने रकमलाई संघीय सरकारको 'बजेटरी सिस्टम' भित्र ल्याउने निर्णय गरेको हो । 'भारतीय सहयोगका २ करोड रूपैयाँसम्मका साना विकास आयोजना मुलुकको बजेटरी सिस्टम बाहिरबाट सञ्चालित थिए । अब बजेटरी सिस्टमभित्रै ल्याएर त्यस्ता विकास आयोजना अघि बढाइने छ,' सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले भने । भारतीय दूतावासले स्वास्थ्य चौकी, विद्यालय, सामुदायिक भवन निर्माण र खानेपानीजस्ता साना आयोजनामा २ करोड रूपैयाँसम्मको सहयोग सोझै गर्दै आएको थियो । भारतीय दूतावासले नै आयोजना छान्थ्यो र सोझै रकम दिएर आयोजना बनाउने गर्थ्यो । अनुगमन तत्कालीन जिल्ला विकास समितिले गर्थे । सरकारको वार्षिक योजना तथा कार्यक्रममा भारतीय सहयोगका ती आयोजना र तिनको बजेट समेटिँदैनथे ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल** : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं